GBSCCL

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

Gramin Balmiki Savings & Credit Cooperative Limited

ACCESS BRONZE 2019/20

SUCCEED PROBATION 2015-2019



नेपालको
सर्वोत्कृष्ट
साकोस २०७९





# ANNUAL REPORT
# वार्षिक प्रतिवेदन

(भाद्र ०३-०९ गते, २०८०)

30 औं वार्षिक साधारण सभा

आर्थिक वर्ष २०७९/८०

www.gbsccl.coop.np

# हाम्रा सफलताहरू


एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
Nepal Federation of Savings and Credit Cooperative Unions Ltd.

प्रशंसा-पत्र

३१ औं वार्षिक साधारणसभा

यस केन्द्रीय संघको ३५औं स्थापना दिवसको अवसरमा संघमा आबद्ध सदस्य संस्थाहरुमध्येबाट आ.व. ०७८/७९ को लागि **सर्वोत्कृष्ट साकोस विधा**मा छनौट भएको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला स्थित **ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि.** लाई संघको ३१औं वार्षिक साधारणसभाको सु-अवसरमा यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

प्रकाश प्रसाद पोखरेल
प्रमुख कार्यकारी अधिकृत
नेफस्कून

परितोष पौड्याल
अध्यक्ष
नेफस्कून

मिति: २०७९ पौष ८

www.nefscun.org.np
Shared Technology for Integrated SACCOS Network

नेपालको सर्वोत्कृष्ट साकोस


CERTIFICATE
ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS
Bangkok, Thailand

Hereby certifies that

GRAMIN
Saving and Credit Co-operative Society Ltd.
Nepal

Has established and applied a management system that can channel the energies, abilities, and specific knowledge held by people in the organization toward achieving long-term strategic goals on the perspectives of
**Finance, Customer-Member, Internal Business Processes, and Learning and Growth**
An audit was performed and documented in Report No. 0107/2019.
Proof has been furnished that the requirements according to

ACCESS
A-one Competitive Choice for Excellence in Service & Soundness
BRONZE

are fulfilled.
Further clarification regarding the scope of this certification and the applicability of ACCESS Brand - BRONZE may be obtained by consulting the organization.
Certification is valid from September 1, 2019 to August 31, 2020.

Younsik Kim
*President*

Elenita V. San Roque
*Chief Executive Officer*

एशियाली स्तरको ब्राण्ड (ACCESS Brand 2019)


*Certificate*

Nepal Federation of Savings and Credit Cooperative Unions Ltd.
New Baneshwor, Kathmandu

Government of Nepal
Ministry of Land Management, Cooperatives and Poverty Alleviation
Department of Co-operatives
New Baneshwor, Kathmandu

Hereby certify that

GRAMIN
Savings & Credit Cooperative Society Ltd., Nawalparasi Susta Paschim
has established and applied a credit union management system that can enhance the common bond, capabilities, synergy and professionalization within SACCOS towards achieving future strategic needs on the perspectives of Financial and Institutional Development.
An audit was performed and documented in Report No. PR 0005/075/076
Results indicate that the requirements according to PROgram for Building Absolute and ProfessionalizaTION (PROBATION) are fulfilled.

SUCCEED
PROBATION

Certification is valid from December 16, 2018 to December 15, 2019

Shivajee Sapkota
Chief Executive Officer
NEFSCUN

D.B. Basnet
Chairperson
NEFSCUN

Shiva Kumar Karki
Registrar
Department of Cooperatives

December 20, 2018

प्रोवेशन ब्राण्ड (Probation Brand 2015–2019)


राष्ट्रिय सहकारी संघ लि. नेपाल
पुल्चोक, ललितपुर

International Co-operative Alliance

उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार-२०७१

बचत तथा ऋण सहकारी व्यवसायका माध्यमद्वारा
सदस्यहरूको आर्थिक तथा सामाजिक उत्थानमा योगदान पुऱ्याए वापत
ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि., माकर-४, बर्दघाट, नवलपरासीलाई
नेपालको सहकारी आन्दोलन एवं राष्ट्रिय सहकारी संघ लि. नेपालका तर्फबाट
९३ औं अन्तर्राष्ट्रिय सहकारी दिवस
को
सु-अवसरमा यो उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार प्रदान गरिएको छ ।

डा. रामशरण महत
प्रमुख अतिथि
तथा
अर्थमन्त्री
नेपाल सरकार

केशव प्रसाद बडाल
अध्यक्ष
राष्ट्रिय सहकारी संघ लि. नेपाल

मितिः २०७२/३/१८
(1st Saturday of July)

उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१
(राष्ट्रिय सहकारी महासंघ)




नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

प्रशंसा-पत्र

यस केन्द्रीय संघको २०७४ श्रावण ३२ गते सम्पन्न ३० औं स्थापना दिवसको अवसरमा नेफस्कूनमा आवद्ध सदस्य संस्थाहरुमध्येबाट आ.व. २०७३/०७४ को नेफस्कून प्रदेशस्तरीय उत्कृष्ट सदस्य संस्था - प्रदेश नं. ५ माकर, नवलपरासी स्थित ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. लाई प्रदान गर्ने घोषणा भए बमोजिम संघको २६ औं साधारण सभाको सु-अवसरमा यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

शिवजी सापकोटा
प्रमुख कार्यकारी अधिकृत
मिति : २०७४/९/७

चन्द्र प्रसाद ढकाल
महासचिव

डी.बी. बस्नेत
अध्यक्ष

www.nefscun.org.np

उत्कृष्ट सहकारी प्रदेश नं. ५
(नेफुस्कून २०७४)


"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवं बैकिङ्ग कारोवारका लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेड
National Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुर, नेपाल

प्रशंसा-पत्र

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५औं वार्षिक साधारण सभाको अवसरमा बर्दघाट, परासी स्थित यस बैंकको सदस्य संस्था श्री ग्रामिण बचत तथा ऋण सहकारी संस्था लिमिटेडले सहकारीको विकास, प्रवर्द्धन र सामाजिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै उत्कृष्ट प्रादेशिक सदस्य (बचत तथा ऋण कारोवार गर्ने प्रदेशका सदस्य संस्थाहरु मध्ये प्रदेश नं ५) पुरस्कार विधामा सम्मानित गरिएकोले स-धन्यवाद यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

साथै आगामी दिनहरुमा समेत सहकारीको माध्यमबाट समग्र क्षेत्रको आर्थिक, सांस्कृतिक एवं सामाजिक विकासमा थप योगदान पुऱ्याउने अपेक्षाका साथ हार्दिक बधाई ज्ञापन गर्दछौं ।

बद्रीकुमार गुरागाई
प्रमुख कार्यकारी अधिकृत

मिति २०७५ पौष २१ गते

रमेश प्रसाद पोखरेल
अध्यक्ष

उत्कृष्ट सहकारी प्रदेश नं. ५
(राष्ट्रिय सहकारी बैंक २०७५)



# विषयसूची


| | |
|---|---|
| नामावली | ३ |
| सूचना | ६ |
| संस्थाको संक्षिप्त परिचय | ७ |
| अध्यक्षको मन्तव्य | ९ |
| स्वागत मन्तव्य | ११ |
| सचिवको प्रतिवेदन | १२ |
| कोषाध्यक्षको प्रतिवेदन | ३१ |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | ४३ |
| शिक्षा उपसमितिको प्रतिवेदन | ४९ |
| ऋण उपसमितिको प्रतिवेदन | ५१ |
| महिला उपसमितिको प्रतिवेदन | ५३ |
| लेखापरिक्षकको प्रतिवेदन | ५४ |
| सदस्यहरूलाई महत्वपूर्ण सूचना | ७२ |
| तुलनात्मक अध्ययन | ७४ |
| विभिन्न उपसमितिहरूको नामावली | ७९ |

## वर्तमान सञ्चालक समिति



**श्री देवी प्रसाद अधिकारी**
अध्यक्ष



**श्री लक्ष्मण प्रसाद ज्ञवाली**
उपाध्यक्ष



**श्री राधा ढकाल**
सचिव



**श्री शिवदेव न्यौपाने**
सह सचिव



**श्री मुरलीकृष्ण खनाल**
कोषाध्यक्ष



**श्री कृष्ण प्रसाद गौतम**
सदस्य



**श्री प्रेमकला पाण्डे पोखरेल**
सदस्य



**श्री कमला कण्डेल**
सदस्य



**श्री छविलाल तिमिल्सिना**
सदस्य



**श्री बिमला अधिकारी**
सदस्य



**श्री बसन्ती कुमारी थापा**
सदस्य



**श्री यसोदा पाण्डे**
सदस्य



**श्री दिनेश भण्डारी**
सदस्य

## लेखा सुपरिवेक्षण समिति



**श्री वोध प्रसाद पाण्डे**
संयोजक



**श्री राजकुमार बि.क.**
सदस्य



**श्री भानुभक्त ढकाल**
सदस्य

## सल्लाहकारज्यूहरु


श्री रविन्द्र विक्रम हमाल


श्री बद्रिनाथ खनाल


श्री बसन्त कुमार रेग्मी


श्री कृष्णहरि पौडेल


श्री राम प्रसाद पौडेल


श्री कुलदेव श्रेष्ठ


श्री रामकृष्ण पौडेल


श्री गणेश प्रसाद पोखरेल


श्री निमानन्द न्यौपाने


श्री मोतिलाल ढकाल


श्री चन्द्रज्योति बस्याल


श्री ढुण्डीराज पोखरेल


श्री शालिकराम घिमिरे


श्री बाबुराम पौडेल

## ऋण उप समिति

श्री कृष्ण प्रसाद गौतम — संयोजक
श्री प्रेम कुमार श्रेष्ठ — सदस्य
श्री गोविन्द लामिछाने — सदस्य

## शिक्षा उप समिति

श्री शिव देव न्यौपाने — संयोजक
श्री दिपक लम्साल — सदस्य
श्री सरस्वती आचार्य — सदस्य

## महिला उप समिति

श्री बसन्ती कुमारी थापा — संयोजक
श्री शान्ति हमाल — सदस्य
श्री सावित्रा देवकोटा — सदस्य

## एक्सेस कार्यदल

श्री कृष्ण प्रसाद गौतम — संयोजक
श्री दिनेश भण्डारी — सदस्य
श्री भेषराज पौडेल — सदस्य
श्री अनन्त पाण्डे — सदस्य
श्री अर्जुन क्षेत्री — सदस्य

## व्यवस्थापन समूह

**श्री अनन्त पाण्डे**
व्यवस्थापक

**श्री सुनयना चौधरी**
ऋण विभाग प्रमुख

**श्री विजय कुमार ज्ञवाली**
आर्थिक प्रशासन विभाग प्रमुख

**श्री अर्जुन क्षेत्री**
वाल्मिकी सेवा केन्द्र प्रमुख

**श्री सुभाष मल्ल**
बर्दघाट सेवा केन्द्र प्रमुख

**श्री सुनिल चौधरी थारू**
सदस्य सेवा विभाग प्रमुख

**श्री धन बहादुर नेपाली**
स्वर्णिम सेवा केन्द्र प्रमुख

**श्री झुमा लामिछाने**
उदय सेवा केन्द्र प्रमुख

**श्री सकुन्तला क्षेत्री**
मिरमिरे सेवा केन्द्र प्रमुख

**श्री अजय कुमार हजाम**
दाउन्नेदेवी सेवा केन्द्र प्रमुख

**श्री केशव राज अधिकारी**
वरिष्ठ सहायक

**श्री सम्झना डुम्रे**
सहायक

**श्री जानुका रिजाल**
सहायक

**श्री सुनिता पन्थ (गैह्रे)**
सहायक

**श्री सरिता खरेल**
सहायक

**श्री पूर्णकला भण्डारी**
सहायक

**श्री लक्ष्मी कुमारी सेन**
सहायक

**श्री प्रभा खनाल**
सहायक

**श्री सुजन गौतम**
सहायक

**श्री अमीर आर.सी.**
सहायक

**श्री लक्ष्मी भण्डारी**
सहायक

**श्री फुलमाया चौधरी**
सहयोगी

**श्री कमला गिरी**
सहयोगी

**श्री रमा अधिकारी**
बजार प्रतिनिधि

**श्री अनिता कुमारी घर्तीमगर क्षेत्री**
बजार प्रतिनिधि

**श्री नलिना थापा**
बजार प्रतिनिधि

**श्री अमृता चौधरी**
बजार प्रतिनिधि

**श्री गंगा बहादुर थापा**
सुरक्षा गार्ड

**श्री धन बहादुर ठाडा**
सुरक्षा गार्ड

**श्री हरि प्रसाद पाण्डे**
सुरक्षा गार्ड

श्री सम्पूर्ण शेयर सदस्य महानुभावहरू,

## विषय : ३० औं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस संस्थाको मिति २०८० आषाढ ३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको ३० औं वार्षिक साधारण सभा इकाईगत रूपमा देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएकोले उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

## साधारण सभा बस्ने

इकाई १ : **वाल्मिकी सेवा केन्द्र**
मिति : २०८० भाद्र ०३ गते
स्थान : वाल्मिकी सेवा केन्द्रको प्राङ्गण

इकाई २ : **उदय र मिर्मिरे सेवा केन्द्र**
मिति : २०८० भाद्र ०४ गते
स्थान : उदय सेवा केन्द्रको प्राङ्गण

इकाई ३ : **स्वर्णिम सेवा केन्द्र**
मिति : २०८० भाद्र ०५ गते
स्थान : स्वर्णिम सेवा केन्द्रको प्राङ्गण

इकाई ४ : **बर्दघाट सेवा केन्द्र**
मिति : २०८० भाद्र ०६ गते
स्थान : दाउन्ने पार्टी प्यालेस, बर्दघाट

इकाई ५ : **दाउन्नेदेवी सेवा केन्द्र**
मिति : २०८० भाद्र ०७ गते
स्थान : क्षेत्री समाजको हल, सूर्यनगर

इकाई ६ : **केन्द्रिय कार्यालय**
मिति : २०८० भाद्र ०९ गते
स्थान : केन्द्रिय कार्यालयको प्राङ्गण

साधारण सभा समक्ष प्रस्तावित छलफलको विषयहरु :

१. आ.व. २०७९/०८० को सचिवको प्रगति प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित कार्यक्रम छलफल तथा पारित गर्ने ।
२. आ.व. २०७९/०८० को कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा आ.व. २०८०/०८१ को प्रस्तावित कार्ययोजना तथा बजेट छलफल तथा पारित गर्ने ।
३. आ.व. २०७९/०८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा ।
४. आ.व. २०७९/०८० को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्वन्धमा ।
५. शेयर लाभांश र संरक्षित पूंजी फिर्ता कोष वितरण सम्बन्धमा ।
६. लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन गर्ने सम्वन्धमा ।
८. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।
९. विविध ।

**राधा ढकाल**
सचिव

## संस्थाको संक्षिप्त परिचय

| | | |
|---|---|---|
| नाम | : | **ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.** |
| ठेगाना | : | वर्दघाट नगरपालिका वडा नं. ७, नवलपरासी (बसुप) |
| स्थापना मिति | : | २०५१/११/०१ |
| संस्था दर्ता नं. | : | १८-०५१/०५२ |
| नेफ्स्कून सदस्यता नं. | : | ११६-०५१/०५२ |
| प्यान नं. | : | ३०३८०२६९३ |
| सदस्य संख्या | : | १२०२३ जना (महिला : ६८३३, पुरूष : ५१८० जना र संस्थागत १०) |
| बाल सदस्य संख्या | : | २०५९ जना |
| कार्यक्षेत्र | : | नवलपरासी (बसुप) जिल्ला |
| शेयर पूँजी | : | रू. १०,५०,९७,५००.०० |
| वचत संकलन | : | रू. ८५,०८,०८,१२०.९४ |
| ऋण लगानी | : | रू. ८४,८५,४२,८९०.०८ |
| जगेडा कोष | : | रू. ९,०८,९८,७५२.४३ |
| संस्थागत पूँजी | : | रू. ९,२०,७१,६०४.२९ |

ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. ले अवलम्बन गरेको परिकल्पना, ध्येय एवम् मूल्यमान्यताहरू यसप्रकार रहेका छन् :

## ध्येय (MISSION)

"सुलभ प्रविधियुक्त र गुणस्तरीय वित्तीय सेवा मार्फत सदस्यहरूको आर्थिक सामाजिक तथा सांस्कृतिक जीवनस्तरमा सुधार ल्याउने ।"
"To improve the economic, socio-cultural living standards of the members through accessible, technological and quality financial services."

## परिकल्पना (VISION)

"उत्कृष्ट संस्था सन्तुष्ट सदस्य"
"Excellent organization satisfied members"

## संस्थाका मूख्य मूल्य मान्यताहरु (CORE VALUES)

| | | | | |
|---|---|---|---|---|
| उत्कृष्टता | उत्तरदायित्व | गोपनियता | जवाफदेहिता | नवप्रवर्तन |
| पारदर्शिता | प्रतिवद्धता | विशिष्ट पहिचान | सक्रियता | सदस्य पहिला |
| समता | समावेशिता | शून्य सहनशिलता | | |

## संस्थाका दिर्घकालिन उद्देश्यहरु

**सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :**

१. संस्थामा संलग्न सदस्यहरूमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

२. बचत तथा ऋणमा विविधीकरण गर्दै सदस्यहरूलाई सर्वसुलभ एवं प्रभावकारी वित्तीय सेवा प्रदान गर्ने ।

३. सदस्य तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी आधुनिक, प्रतिस्पर्धी र गुणस्तरीय सेवा प्रदान गर्न सक्ने दक्ष जनशक्तिको रूपमा विकास गर्ने ।

४. स्थानिय स्रोत, साधन र सीपको अधिकतम प्रयोग र प्रवर्द्धनमा जोड दिने ।

५. सदस्यहरूका लागि सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने ।

६. सदस्यहरूको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने ।

७. सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरू मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।

८. संस्थागत पूंजी वृद्धि गर्दै संस्थालाई वित्तीय हिसाबले सक्षम संस्थाको रूपमा विकसित गर्ने ।

९. भौतिक पूर्वाधारको विकास र विस्तार एवं आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गर्दै स्रोत साधनसम्पन्न संस्थाको रूपमा विकसित गर्ने ।

१०. सहकारी शिक्षा, वित्तीय साक्षरता र चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

११. सहकारी अभियानलाई अगाडि बढाउन स्थानीय तथा राष्ट्रिय स्तरमा ऐक्यबद्धता र सहभागीता जनाउने ।

१२. सहकारी सिद्धान्त, मूल्य मान्यता र भावनालाई आत्मसात् गर्दै सदस्यहरूमा एकता र सहयोगी भावनाको विकास गराउन पहल गर्ने ।

१३. बचत र ऋण परिचालनको कार्यलाई छिटो छरितो भरपर्दो बनाउन विभिन्न विधुतीय, गैर विधुतीय उपकरणको प्रयोग गर्ने ।

### हाम्रो प्रतिवद्धता

यस **ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.** २९ वर्ष पूरा भई ३० औं वर्षमा प्रवेश गरेको छ । यस अवधिमा हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी संघ, संस्था, शुभचिन्तक तथा सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै यस संस्थाको संस्थागत विकासका लागि आगामी दिनहरूमा समेत यहाँहरूको निरन्तर माया पाईनै रहने आशाका साथ अझै गुणस्तरीय एवं प्रभावकारी सेवा प्रदान गर्ने हाम्रो प्रतिवद्धता व्यक्त गर्दछौं ।

**– ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

# अध्यक्षको मन्तब्य ....



ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को ३० औँ साधारण सभाका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सल्लाहाकार अग्रजज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति सहकर्मी साथीहरू, विभिन्न उप समिति एवं पत्रकार मित्रहरू र यस गरिमामय ३० औँ साधारण सभामा उपस्थित यस संस्थाका शेयर सदस्यज्यूहरू र कर्मचारी मित्रहरू उपस्थित सम्पूर्णमा हार्दिक सहकारी अभिवादन टक्र्याउँदछु ।

वि.सं. २०५१ साल फाल्गुण १ गते विजारोपण भई ३० जनाबाट मासिक २० रूपैंया बाट शुरू भएको संस्थाको अभियान आज आएर १२ हजार २३ जना सदस्यहरू र करिब १ अर्ब ८ करोड पूंजी संकलन गरी नेपालको एक उत्कृष्ट साकोसको रूपमा स्थापित हुन सफल भएका छौं । सहकारी सिद्धान्त, मूल्य, मान्यतालाई आत्मसात गरी सहकारी ऐन, नियमावली, नीति, निर्देशनहरूलाई आत्मसात् गर्दै सदस्यहरूलाई सेवा प्रवाह गर्दै आईरहेका छौं । हामीले सहकारीलाई संख्यात्मक रूपमा नभएर गुणात्मक रूपमा अगाडि बढाउनु पर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै एकीकरण प्रक्रियालाई निरन्तरता दिंदै आएका छौं । यस अधि मिरमिरे साकोस, स्वर्णिम साकोस, उदय महिला बहुउद्देश्यीय सहकारी संस्थासंग एकीकरण गरी सेवा प्रवाह गर्दै आएकोमा हालै मात्र ग्रामीण साकोस र वाल्मिकी साकोस बीच एकीकरण सम्पन्न भई बनेको हाम्रो यस ग्रामीण वाल्मिकी साकोसले केन्द्रिय कार्यालय बर्दघाट ७ र अन्य ६ वटा सेवा केन्द्रहरूबाट एकीकृत सेवा प्रदान गर्दै आईरहेको सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरूलाई अवगत नै छ ।

आज संस्थाले ३० औं साधारण सभा सम्पन्न गर्न गईरहेको अवस्थासम्म आईपुग्दा ग्रामीण साकोस PROBATION BRAND नेपाल गुणस्तररूपमा प्रमाणीकरण हुंदै एशियाली स्टाण्डर्डको ACCESS BRAND प्राप्त गर्न सफल भई आज संस्था राष्ट्रिय स्तर हुंदै अन्तर्राष्ट्रिय स्तरमा समेत चिनिन पुगेको छ । तत्कालिन राष्ट्रिय सहकारी संघ लि. नेपालले पश्चिमाञ्चल विकास क्षेत्रबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ ले सम्मानित गर्नु , राष्ट्रिय सहकारी बैंकबाट प्रदेश नं. ५ को उत्कृष्ट सहकारीको रूपमा पुरस्कृत हुनु, नेफ्स्कूनले प्रदेश नं. ५ को उत्कृष्ट साकोस हुंदै नेपालकै सर्वोत्कृष्ट साकोसको रूपमा सम्मान गर्नु हामी सबैको लागि गौरवको कुरा हो ।

संस्थालाई अझै उचाईमा पुऱ्याउनको लागि हालसम्मको सफलतालाई कायम राखी सदस्य सेवामा तीव्रता प्रदान गर्दै हाम्रो परिकल्पना "उत्कृष्ट संस्था सन्तुष्ट सदस्य" लाई प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । संस्थालाई व्यवस्थित रूपमा अगाडि बढाउन नयाँ-नयाँ प्रविधिको प्रयोग, उधमशीलता विकास कार्यक्रम एवं बालबालिका, युवा र महिला केन्द्रित विभिन्न कार्यक्रमहरू तर्जुमा गर्नेछौं । साथै संस्थाको चौतर्फी विकासको लागि नीति, विधि र प्रविधिमा जोड दिई जगेडा कोषमा आधारित संस्था बनाउनको लागि अगाडि बढ्ने छौं ।

यतिवेला विश्व नै कारोना भाईरस (कोभिड १९) पछि को असर र रूस युक्रेन युद्धले निम्त्याएको आर्थिक मन्दीको संकटबाट गुज्रिरहेको अवस्थामा छ । मुलुकको सम्पूर्ण पक्ष यसबाट नराम्रोसंग प्रभावित भएको अवस्थामा सहकारी क्षेत्र पनि अक्षुतो रहने कुरा भएन । सक्रमणकालिन अवस्थामां वित्तीय संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा र सहकारीको छबिमा प्रश्न उठिरहेको अवस्थामा एउटा दिगो, सबल, प्रतिस्पर्धी एवं सहकारी अभियानमा छुट्टै पहिचान बनाउन सफल संस्थाको रूपमा विशेषतः नीति, विधि, प्रविधि र सुशासनमा आधारित संस्थाको रूपमा यस संस्थालाई सञ्चालन गरिरहेका छौं । सहकारी अभियानमा हाम्रो संस्था आफ्नो भूमिका र जिम्मेवारीमा कत्ति पनि कमी हुन नदिई निरन्तर अगाडि वढिरहेको छ । संस्थाले प्राप्त गरेको उचाई र साखलाई कायम राख्दै सहकारी क्षेत्रमा थप आयाम थप्नु पर्ने अवस्था सृजना भएको छ । यसका लागि हामी ईमान्दारीताका साथ लागिपरेका छौं । संयुक्त राष्ट्र संघले निर्धारण

गरेको दिगो विकासका लागि लक्ष्य (SDG) लाई आत्मसात गर्दै उपलब्धी हासिलका लागि हाम्रा नीति तथा कार्यक्रम परिलक्षित रहेका छन् । सदस्यहरूको सन्तुष्टि नै संस्थाको लक्ष्य भएकोले सदस्य केन्द्रित कार्यक्रमहरूको पहिचान गरि कार्यान्वयन गरिने छ ।

अन्त्यमा, ग्रामीण साकोसलाई यस अवस्थासम्म ल्याई पुऱ्याउन हामीलाई प्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सहकारी विभाग, लुम्बिनी प्रदेश सहकारी विभाग, स्थानिय निकायहरू, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक लि., जिल्ला सहकारी संघ नवलपरासी (बसूप), जिल्ला बचत तथा ऋण सहकारी संघ लि. नवलपरासी (बसूप), स्थापनाकालका अध्यक्ष, पदाधिकारी एवं सदस्यज्यूहरू, निवर्तमान अध्यक्ष एवं पूर्व अध्यक्षज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, अन्य उपसमितिहरू, सेवा केन्द्र व्यवस्थापन उप समिति, व्यवस्थापनका प्रमुख व्यवस्थापकज्यू लगायत सम्पूर्ण कर्मचारीहरूको लगनशीलता, मिहेनत र सहयोगका लागि धन्यवाद दिंदै उच्च मूल्यांकन गर्दछौं । संस्थालाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै आफ्ना भनाईहरू यहीं विसाउन चाहन्छु । धन्यवाद ।

जय सहकारी ! जय ग्रामीण वाल्मिकी !

देवी प्रसाद अधिकारी
अध्यक्ष

## व्यवस्थापककाे प्रतिवद्धता

ग्रामीण साकोस लामो समयको विभिन्न आरोह अवरोहहरू पार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा समेत पहिचान कायम गर्न सफल भएको छ । नेफ्स्कूनद्वारा हाम्रो संस्थालाई नेपालको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरिनुले हामीलाई गौरवान्वित बनाएको छ । यस संस्थाले राष्ट्रिय रूपमा प्राप्त गरेको विभिन्न सम्मान, पुरस्कार त्यस्तैगरी संस्थालाई नेफ्स्कून र सहकारी विभागद्वारा संयुक्त रूपमा प्रदान गरिएको प्रोवेसन ब्राण्ड, नेफ्स्कूनको प्राविधिक सहयोग रहेको एशियाली ऋण महासंघ (ACCU) द्वारा सञ्चालित एक्सेस कार्यक्रममा सहभागी भई प्राप्त ACCESS BRAND सदस्यहरूले संस्थाप्रति गर्नुभएको अगाध स्नेह, विश्वास र योगदानको परिणाम हो । यस अवधिमा संस्था सदस्यहरूले सुनिश्चित भएर बचत तथा ऋण कारोबार गर्न सक्ने सबल, सुरक्षित र स्वस्थ वित्तीय संस्थाको भरपर्दो विकल्प बन्न सफल भएको छ । संस्थालाई पहिलो रोजाईको संस्था बनाउने प्रयासस्वरूप सदस्यहरूको सन्तुष्टि र गुणस्तरीय सेवा प्रदानलाई प्राथमिकतामा राख्दै सोही अनुरूप व्यवस्थापन प्रणालीलाई विकास गर्दै लगिएको छ । अझै प्रभावकारी व्यवस्थापनको लागि सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरूमा रचनात्मक सल्लाह सुझाव प्रदान गरी मार्गनिर्देशन गरिदिनुहुन अनुरोध छ । संस्था संचालन प्रक्रियालाई जिवन्त रूप दिन संस्थामा कार्य गर्ने सिँगो व्यवस्थापनको क्षमता चुस्त, दुरूस्त, पारदर्शी, लगनशिल र सिकेका सीपहरूको कार्यान्वयनमा ध्यान दिई उत्पादकत्व वृद्धि गर्न सक्षम हुनुपर्दछ । आजको यो प्रतिस्पर्धात्मक र उत्कृष्टताको समयमा संस्थाको फराकिलो सोचलाई पूरा गर्नको लागि निश्चित रूपमा ग्रामीण साकोसको व्यवस्थापन निक्कै नै सक्षम, गतिशिल, प्रभावकारी र आधुनिक हुन जरूरी छ भन्ने कुरामा सचेत रहंदै हामी सम्पूर्ण कर्मचारीहरू सदैव संस्थामा आवद्ध सदस्यहरूको आवश्यकता र सन्तुष्टिमा केन्द्रित भई गुणस्तरीय सेवा सुविधा सहज रूपमा उपलब्ध गराउन प्रतिवद्ध छौं ।

व्यवस्थापक
**अनन्त पाण्डे**

# स्वागत मन्तव्य



आज हुन गईरहेको ३० औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू, मञ्चमा आसिन अतिथिज्यूहरू, संस्थाका सल्लाहकारज्यूहरू, सञ्चालक समितिमा रहनुहुने सम्पूर्ण पदाधिकारी एवं सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, विभिन्न उप समितिहरूमा रहनु हुने संयोजक तथा सदस्यज्यूहरू, पत्रकार तथा मिडियाकर्मीज्यूहरू, संस्थाका शेयर सदस्य महानुभावज्यूहरू, संस्थामा अहोरात्र खटी संस्थालाई सबल रूपमा आजको यस अवस्थासम्म ल्याई पुऱ्याउनु हुने व्यवस्थापक साथै कर्मचारी मित्रहरू आफ्नो कार्य व्यस्तताका बावजुत हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पूर्णमा म यस संस्थाको उपाध्यक्षको हैसियतले ग्रामीण वाल्मिकी साकोसको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक आभार सहित स्वागत गर्दछु ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

हामीले वि.सं. २०५७ सालमा दर्ता गरी २५ जना सदस्यबाट शुरू गरेको वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. सबल रूपमा सञ्चालनमा हुंदा हुंदै पनि भौगोलिक परिवेश, समयको आवश्यकता र सदस्य हितलाई मध्यनजर राख्दै यस जिल्लाकै अग्रणी संस्थाका रूपमा वित्तीय प्रतिस्पर्धा गर्न सक्ने र गुणात्मक रूपमा संस्थालाई अगाडि बढाउने उद्देश्यका साथ हामी दुई संस्थाहरू ग्रामीण साकोस र वाल्मिकी साकोस बीच एकीकरण गर्ने पारस्परिक छलफल अगाडि बढाउदै जांदा सौहार्द वातावरणमा एकीकरण हुन सफल भई आज हामी ग्रामीण वाल्मिकी साकोसको ३० औं वार्षिक साधारण सभा सम्पन्न गर्नका लागि उपस्थित भएका छौं । संस्था एकीकरणको लागि दुवै संस्थाले आ-आफ्नो छुट्टा छुट्टै विशेष साधारण सभा सम्पन्न गरी मिति २०८० वैशाख ६ मा संयुक्त साधारण सभा सम्पन्न गऱ्यौं र मिति २०८० जेष्ठ १० गतेका दिन लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालय, सहकारी दर्ता अधिकारीको कार्यालयबाट एकीकरणको स्वीकृति पाए पश्चात ग्रामीण वाल्मिकी साकोसको एकीकृत कारोबार शुरू भएको हो । आगामी दिनमा यस संस्थाले वित्तीय प्रतिस्पर्धा अब्बल स्थान हांसिल गर्न र शेयर सदस्यज्यूहरूको हित र संरक्षण गर्दै संस्थाको उत्तरोत्तर प्रगतिका लागि आ-आफ्नो स्थानबाट सहयोग मिल्ने छ भन्ने पूर्ण विश्वास र आशा लिएको छु । पुनः उपस्थित सम्पूर्णमा हृदयदेखि स्वागत गर्न चाहन्छु ।

अन्तमा यस संस्थाको ३० औं वार्षिक साधारण सभाले आगामी कार्यकालका लागि नेतृत्व चयन गर्नु पर्ने जिम्मेवारी पनि रहेको हुंदा सबल सक्षम र अनुभवि नेतृत्व चयन गर्नुहुनेछ र नयाँ नेतृत्वले नयाँ आयाम थप्दै संस्थालाई अगाडि बढाउनेछ भन्ने विश्वास लिएको छु । यस घडिमा सम्पूर्ण शेयर सदस्यहरूलाई भावावेशमा आएर हतारमा निर्णय नगरी सहकारीको सिद्धान्त, मूल्य मान्यताको पालना हुने गरी योग्य र सक्षम नेतृत्व चयन गरी समग्र स्तरीयता कायम राख्न विनम्र अनुरोध गर्दै मेरो स्वागत मन्तव्य यहि अन्त्य गर्दछु ।

स्वागतम् ! स्वागतम् ! ! स्वागतम् ! ! !

जय  सहकारी ! जय ग्रामीण वाल्मिकी ! !

उपाध्यक्ष
**लक्ष्मण प्रसाद ज्ञवाली**

# गत आर्थिक वर्ष २०७८/०७९ को प्रगति विवरण तथा आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम

**प्रस्तुतकर्ताः राधा ढकाल, सचिव**



यस गरिमामय ३० औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू र प्रेरणादायी व्यक्तित्वज्यूहरू, शेयर सदस्यज्यूहरू, विभिन्न वित्तीय र गैरवित्तीय संस्थाबाट उपस्थित हुनुभएका प्रतिनिधीज्यूहरू, वर्तमान सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहाकारज्यूहरू, संस्थामा कार्यरत कर्मचारी मित्रहरू, विभिन्न उपसमिति संयोजक एवं सदस्यज्यूहरू, पत्रकार मित्रहरू र उपस्थित सम्पूर्ण सदस्यहरू एवं शुभचिन्तक महानुभावहरूमा मेरो तथा सञ्चालक समितिको तर्फवाट स्वागत एवं सहकारी अभिवादन टक्याउन चाहन्छु ।

संस्था ३० वर्षको युवा अवस्थामा पुगेको यो क्षणसम्म आइपुग्दा निकै धेरै उतार, चढाव, बाधा अड्चन पार गर्दै आएको छ । संस्था जन्मनु ठूलो कुरा होइन, यसलाई जोगाएर हुर्काउनु कठिन कुरा रहेछ । संस्था सञ्चालनमा देखा परेका सबैखाले चुनौतिहरू पार गर्दै वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउन अहोरात्र पसिना बगाउनुहुने संस्थाका निवर्तमान अध्यक्षज्यू एवं पूर्व अध्यक्षज्यूहरू, सञ्चालक मित्रहरू, विभिन्न उप समितिका मित्रहरू, सल्लाहकारज्यूहरू, कर्मचारी साथीहरू र शेयर सदस्य महानुभावहरू सबैप्रति उच्च सम्मान प्रकट गर्दै आभार व्यक्त गर्न चाहन्छु ।

हाम्रो संस्थालाई गत वर्ष समग्र नेपाल भरिकै बचत तथा ऋण सहकारी संघ/संस्थाको केन्द्रिय छाता सङ्गठन नेफस्कूनले नेपालको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गर्नु, त्यसैगरि नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (NEFSCUN) द्वारा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम अन्तर्गत राष्ट्रिय स्तरको ब्राण्ड (Probation Brand) प्राप्त गर्न सफल हुनु र एसियाली ऋण महासंघ (ACCU) को प्राविधिक सहयोग तथा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (NEFSCUN) द्वारा सञ्चालित Access (A1 Competitive Choice for Excellence in Service and Soundness उत्कृष्ट सेवा तथा सुरक्षाको लागि सर्वोत्तम छनौट) कार्यक्रममा सहभागी भई ब्राण्ड समेत प्राप्त गर्न सफल हुनुजस्ता अत्यन्त उत्साही, ऊर्जाशील एवं गुणस्तरयुक्त मूल्याङ्कनले गर्दा सदस्य र समुदायप्रतिको उत्तरदायित्व अझ बढेको साथै सहकारी अभियानमा हाम्रो भूमिकालाई अझ बढाईदिएको गहन अनुभव गरेका छौं ।

आजको यस ३० औं बार्षिक साधारण सभामा यस ग्रामीण वाल्मिकी साकोसको सञ्चालक समितिको सचिवको हैसियतले आ.व. २०७९/०८० को प्रगति विवरण तथा आ.व. २०८०/०८१ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा मलाई ज्यादै खुसी लागेको छ ।

समय र परिस्थिति एवं सदस्यको इच्छा र भावनाअनुसार संस्थाले आफ्ना कार्यक्रम र सेवालाई समुदायको हरेक तहसम्म पुऱ्याउने र संलग्न गराउंदै लैजाने उद्देश्य अनुरूप पूंजी परिचालन र सही रूपमा पूंजीको प्रतिफल लगानीकर्तासम्म पुऱ्याउन आकर्षक एवं प्रतिस्पर्धात्मक ब्याज प्रदान एवं सुलभ दरमा ऋण सुविधा प्रदान गरी विभिन्न किसिमका बचत तथा ऋणका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

| बचतको शीर्षक | ऋणको शीर्षक |
|---|---|
| मासिक बचत | कृषि तथा पशुपालन ऋण |
| दैनिक बचत | उधोग व्यवसाय ऋण |
| बाल बचत | व्यापार ऋण |
| खुत्रुके बचत | आवास तथा घर, जग्गा ऋण |
| ऐच्छिक बचत | हायर पर्चेज स्वरोजगार ऋण |
| रेमिट बचत | हायर पर्चेज मोटरसाईकल ऋण |
| गरगहना बचत | लघु ऋण (लघुउधम) |
| गृहिणी बचत | वैदेशिक रोजगार ऋण |
| चाडपर्व बचत | सेवा व्यवसाय ऋण |
| जेष्ठ नागरिक बचत | शैक्षिक ऋण |
| प्रवर्धन बचत | सुविधा ऋण |
| विशेष बचत | बचत जमानी ऋण |
| आवधिक बचत ३ महिना | समूह जमानी ऋण |
| आवधिक बचत ६ महिना | व्यवसाय प्रवर्द्धन ऋण |
| आवधिक बचत १ देखि ३ वर्ष | लघुवित्त ऋण |

यस अवधिमा विभिन्न कार्यहरू सम्पादन गर्नका लागि सञ्चालक समितिको बैठक १७ पटक बसेको कुरा जानकारी गराउन चाहन्छौं । बैठकमा औसत उपस्थिति करिब ९० प्रतिशत रहेको कुरा पनि जानकारी गराउन चाहन्छौं ।

आदरणीय सदस्यज्यूहरू, अब म गत साधारण सभादेखि यस अवधिसम्म सञ्चालक समितिले गरेका केही निर्णयहरू सङ्क्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

- संस्थाको २०७९ साल आश्विन २५ गतेदेखि ३० गतेसम्म आयोजना गरिएको संस्थाको सम्पन्न २९ औं वार्षिक साधारण सभाको समिक्षा गरियो । साथै सो साधारण सभालाई भव्य एवं सफलतापूर्वक सम्पन्न गर्नको लागि उपस्थित हुनुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू, शेयर सदस्य, समिति उपसमितिमा रहनुहुने पदाधिकारीज्यूहरू,पत्रकार र कर्मचारीलगायत सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो ।
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) को ३१ औं वार्षिक साधारण सभामा संस्थाको प्रतिनिधिका रूपमा संस्थाका अध्यक्ष श्री देवी प्रसाद अधिकारीज्यू लाई पठाउने निर्णय गरिएको ।
- फर्स्ट माईक्रोफाईनान्स लघुवित्त वित्तीय संस्था लि. काठमाडौं र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) संग ऋण माग गर्ने निर्णय गरिएको र उक्त ऋण प्राप्तिको लागि आवश्यक सम्पूर्ण कार्य गर्न संस्थाका सह सचिव एवं ऋण उप समितिका संयोजक श्री देवीदत्त सापकोटाज्यू लाई अख्तियारी प्रदान गरिएको ।
- संस्थाको कर चुक्ता प्रमाण पत्र प्राप्तिका लागि आवश्यक कार्य अनलाईन बायोमेट्रिक दर्ताका साथै कर चुक्ता प्रमाण पत्र प्राप्तिका लागि आवश्यक सम्पूर्ण कार्य गर्न संस्थाका अध्यक्ष श्री देवी प्रसाद अधिकारीज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको ।

- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कून) को ३१ औं वार्षिक साधारण सभामा हाम्रो संस्थालाई नेपालको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरेको हुंदा यस खुशीको क्षणमा सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरू, सम्पूर्ण उप समिति, कर्मचारी एवं सम्पूर्ण शुभचिन्तक महानुभावज्यूहरूमा हार्दिक बधाई एवं नेफस्कून परिवारप्रति हार्दिक आभार व्यक्त गरियो ।
- राष्ट्रिय सहकारी बैंक लि. साधारण सभामा संस्थाबाट प्रतिनिधिको रूपमा संस्थाका अध्यक्ष श्री देवी प्रसाद अधिकारीज्यू लाई पठाउने निर्णय गरिएको ।
- वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. प्रतापपुर-२, गोपिगञ्जसंग संस्था एकीकरण गर्ने निर्णय गरि तपशिल बमोजिमको संयोजन कार्यदल गठन गरिएको ।

  संयोजक : श्री देवी प्रसाद अधिकारी
  सदस्य : श्री रविन्द्र विक्रम हमाल
  सदस्य : श्री राधा ढकाल
  सदस्य : श्री मुरलीकृष्ण खनाल
  सदस्य : श्री कृष्ण प्रसाद गौतम

- संस्थाको स्थापना दिवसको अवसर पारी २०७९ साल फाल्गुण १ गते का दिनमा वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. प्रतापपुर-२ संग एकीकरणको लागि विशेष साधारण सभा सम्पन्न गरियो ।
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कून) ले २०७९ साल फाल्गुण २४ देखि २५ गतेसम्म आयोजना गरेको व्यवस्थापन प्रमुखहरूको गोष्ठीमा संस्थाबाट आर्थिक प्रशासन विभाग प्रमुख श्री विजय कुमार ज्ञवाली र सदस्य सेवा विभाग प्रमुख श्री सुनयना चौधरीलाई सहभागीको रूपमा पठाउने निर्णय गरिएको ।
- विशेष साधारण सभाको समिक्षा गरियो । विशेष साधारण सभालाई सब्य र भब्य रूपमा सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने सम्पूर्णमा एवं उपस्थित हुनुहुने प्रमुख अतिथि, अतिथिहरू, शेयर सदस्यहरू, समिति उपसमितिमा रहनुहुने पदाधिकारी एवं सदस्यहरू, पत्रकार र कर्मचारी लगायत सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिने निर्णय गरिएको ।
- २०८० साल बैशाख ७ गते बिहीबार ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट ७ र वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. प्रतापपुर २ बीच संस्था एकीकरणको लागि संयुक्त साधारण सभा गर्ने निर्णय गरिएको र चैत्र मसान्तसम्मको हिसाब मिलानको लागि लेखापरीक्षण गर्न रामहरि एण्ड एशोसिएट्स, सिद्धार्थनगर रूपन्देही, दर्ता नं. ४५८ लाई लेखापरीक्षणको जिम्मेवारी दिने निर्णय गरिएको साथै बैकल्पिक जिम्मेवारीमा ज्ञवाली एण्ड एशोसिएट्स नयाँ वानेश्वर काठमाडौं दर्ता नं. ७०९ लाई चयन गरिएको ।
- एकीकरणको स्वीकृत पश्चात बसेको सञ्चालक समितिको बैठकले उप समितिहरू पुनर्गठन गरिएको ।
- विशेष बचतको रूपमा नयाँ बचत सेवा थप गर्ने निर्णय गरिएको ।
- आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम पास गरि साधारण सभामा पेश गर्ने निर्णय गरिएको ।
- आर्थिक वर्ष २०८०/८१ को बजेट पास गरि साधारण सभामा पेश गर्ने निर्णय गरिएको ।
- साधारण सभा सम्पन्न नहुंदा सम्म हुने खर्चको लागि अघिल्लो आर्थिक वर्षको कुल वास्तविक खर्चको एक तिहाई पेश्की बजेटको रूपमा खर्च गर्ने निर्णय गरियो ।
- आर्थिक वर्षमा खर्च नभएको वा खर्च भई बाँकी रहेको कोषहरूको रकम जगेडा कोषमा सार्ने निर्णय गरिएको ।

# प्रगति समीक्षा

आदरणीय शेयर सदस्यज्यूहरू, अब म गत आर्थिक वर्ष २०७९/०८० मा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमतर्फ के-कति उपलब्धीहरू हासिल भए भन्ने बारेमा प्रगति समीक्षा यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## नियमित कार्यसम्पादन

यस संस्थाको यस अवधिमा गत वर्षको साधारण सभाले निर्देशन गरेको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा १७ पटक सञ्चालक समितिको बैठक सम्पन्न भएको साथै सोही अवधिमा लेखा तथा सुपरिवेक्षण समिति, अन्य उप-समिति र कर्मचारीसंग पनि पटक-पटक बैठकहरू औपचारिक तथा अनौपचारिक रूपमा सम्पन्न भएका छन् ।

## सदस्यता

अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त एवं सहकारी ऐनको परिधिभित्र रहेर यस वर्षभरि नै सदस्यता खुल्ला राखिएको जसको फलस्वरूप सदस्यता वृद्धि भई आ.व. २०७९/०८० को वर्षान्तसम्म जम्मा १२,०२३ जना कुल शेयर सदस्य संख्या पुगिसकेको छ ।

## बचत संकलन तथा ऋण परिचालन

- संस्थाले सञ्चालन गरेको विभिन्न बचत कार्यक्रमहरूमा सदस्यज्यूहरूको सक्रिय सहभागीताका कारण बचत संकलनमा पनि उल्लेख्य वृद्धि हुन गएको छ । फलस्वरूप यस अवधिमा बचत संकलन ८५ करोड ८ लाख ८ हजार १ सय २० रूपैंया ९४ पैसा पुगेको छ । जुन रकम गत वर्षको तुलनामा ४०.४५% ले वृद्धि भएको छ ।
- संस्थाले यस आ.व.मा जम्मा ८४ करोड ८५ लाख ४२ हजार ८ सय ९० रूपैंया ०८ पैसा ऋण लगानी गरेको छ । जुन रकम गत वर्षको तुलनामा ३४.८३ % ले वृद्धि भएको छ । लगानीका क्रममा ऋण लगानी गर्नु पूर्व उच्च सावधानी र सुरक्षणमा विशेष जोड दिइएको छ ।
- संस्थामा सदस्यता तथा कारोवार वृद्धि हुँदै जाँदा नियमित बचत गर्ने र नियमित ऋण असुली एवं सही सदुपयोग गर्ने सदस्यहरूको संख्या पनि बढ्दै गएको छ । गलत गर्नेलाई दण्डसजायँ गर्ने, हर्जाना तिराउने तथा असल कार्य गर्नेलाई पुरस्कारमार्फत हौसला दिने मान्यताअनुरूप उक्त कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । ऋण लगानीमा साक्षी, जमानत एवं संस्थाका अन्य क्रियाकलापमा बचत नियमिततालाई कडाईका साथ पालना गराउने प्रक्रियालाई प्रमुख आधार मानिएकोले पछिल्लो समयमा नियमित बचत गर्ने तथा ऋण नियमित बुझाउने परिपाटीमा उल्लेख्य सुधार आएको छ ।

## एकीकृत क्रियाकलाप

- रेडक्रस परासीको प्राविधिक सहयोगमा ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा केन्द्रिय कार्यालय जिमिरेभारमा रक्तदान कार्यक्रम सम्पन्न गरियो ।

## कार्यसम्पादन विधि

- सञ्चालक समितिको हरेक महिना बस्ने नियमित बैठकमा व्यवस्थापनको तर्फबाट अघिल्लो मसान्तसम्मको PEARLS विश्लेषण, Aging Loan Reports, वासलात र नाफा नोक्सानको विवरणसहितको प्रतिवेदन सञ्चालक समितिसमक्ष प्रस्तुत गर्न गरिन्छ भने सोही प्रतिवेदनका आधारमा व्यवस्थापनलाई आवश्यक सुझाव तथा निर्देशन दिने गरिएको छ ।

- सेवा केन्द्र स्तरमा हुने कार्यक्रमको लागि सेवा केन्द्र व्यवस्थापन उप समितिको निर्णय र सल्लाहका आधारमा मात्र कार्य सम्पादन गर्ने परिपाटी रहेको छ । निर्णय प्रक्रिया शुरूदेखि अन्त्यसम्म विभिन्न तहमा सबै समिति तथा उप-समितिहरू संलग्न हुने प्रक्रिया अवलम्बन गरिएको छ ।
- कार्य सम्पादनलाई थप व्यवस्थित, चुस्त दुरूस्त गराउने क्रममा वार्षिक वित्तीय उपलब्धीको लागि व्यवस्थापनलाई लक्ष्य किटान गर्ने र सोही अनुसार विभागीय प्रमुख एवं सेवा केन्द्रहरूलाई पनि उच्च व्यवस्थापनबाट लक्ष्य किटान गर्ने, मासिक रूपमा उच्च व्यवस्थापनलाई प्रगति विवरण प्रस्तुत गर्ने र उपलब्धीको बारेमा समिक्षा गर्ने तथा रणनीति बनाई कार्य गर्ने गरिएको छ ।

## सामाजिक सुरक्षा

- संस्थाका शेयर सदस्यको मृत्यु भएमा सम्बन्धित परिवारलाई सहयोग स्वरूप किरिया खर्च वापत उपलब्ध गराउंदै आएको रकम यस अवधिमा ९ जना शेयर सदस्यका परिवारलाई यो रकम सदस्यको मृत्यु भएको मितिले १३ दिनभित्र घरमा नै पुगी प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| १. जदवती नाउ | २. पेपली थरूनी | ३. नेम नाथ कवर |
| ४. दिना कुमारी पाठक | ५. सरिता नगरकोटी | ६. जगन्नाथ न्यौपाने |
| ७. पदम कुमारी चौधरी | ८. हिरालाल भट्टराई | ९. रामेश्वर लटौला |

- त्यस्तैगरि संस्थाको महिला उप समितिको संयोजनमा सचेत महिला समूहबाट संस्थाको महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा सुत्केरी भेटघाट गर्ने गरिएको छ ।

## निरन्तर शिक्षा एवम् सचेतना

- संस्थागत गतिविधीका बारेमा जानकारी गराउने उद्देश्यले शिक्षा उप समितिको अगुवाईमा कार्यक्षेत्र भित्र ४९४ जना शेयर सदस्यहरूलाई सहकारी शिक्षा एवं वित्तीय साक्षरता प्रदान गरियो ।
- यसै गरी सदस्यहरूलाई विभिन्न माध्यमबाट संस्थागत जानकारी मार्फत सुसूचित गराउने क्रममा इन्टरनेट मार्फत संस्थाको छुट्टै वेबसाईट, Facebook साइटमा संस्थाको स्थायी स्तम्भको व्यवस्था गरी संस्थागत सूचना सदस्यसम्म पुऱ्याउने प्रयासलाई निरन्तरता दिईएको छ ।
- अनौपचारिक शिक्षा कार्यक्रमलाई वित्तीय साक्षरता तथा प्रविधि साक्षरतासँग अन्तरनिहित बनाई अगाडि बढाउने कार्यको थालनी गरिएको छ ।

## सहकारी ऐन र नियमन

- सहकारी नीति अनुसार रू. १० लाख भन्दा माथिको ऋण लगानी गर्दा संस्थागत धितो मूल्यांकनकर्ताद्धारा गर्ने गरिएको छ । संस्थागत धितो मूल्यांकनकर्ता छनौट गर्दा पारदर्शी ढङ्गबाट प्रक्रियागत तवरले गरिएको छ । हाल संस्थागत धितो मूल्यांकन एन एस इन्जिनियरिङ् बर्दघाट-४, मेटिटो कन्सलटेन्ट एण्ड कन्स्ट्रक्सन प्रा. लि. बर्दघाट -२ र तिरूपति मल्टिकन्सल्ट इन्जिनियरिङ्ग बर्दघाट-१४ बाट गर्ने गरिएको छ ।
- नियामक निकाय मार्फत समय समयमा संस्थाको स्थलगत तथा गैर स्थलगत निरीक्षणको क्रममा दिइएका सुझावहरूलाई सहकारीको मर्म र भावना अनुसार परिमार्जन तथा सुधार गरिएको छ भने नियमित रूपमा सम्बन्धित ठाउँमा विवरण पेस गर्ने गरिएको छ ।

## कार्यालय व्यवस्थापन

➥ सदस्यका सकारात्मक सुझाव एवं सल्लाहहरू संस्थाको लागि अमूल्य सम्पत्ति हुन् भन्ने संस्थागत बुझाईका साथ सुझाव एवं सल्लाह तथा गुनासोलाई प्रत्यक्षरूपमा छिटो छरितो तवरले सम्बोधन गर्ने गरी संस्थामा सुझाव पुस्तिका र सुझाव पेटिका राखिएको र त्यहाँ व्यक्त भएका भावनालाई सञ्चालक समितिको बैठकमा सुरू प्रवेश गराई तुरून्त सम्बोधन गर्ने गरिएको छ ।

➥ यसै गरी संस्थाबाट प्रदान गरिने सेवाहरूलाई सदस्यसम्म सर्वसुलभ रूपमा सहज तवरले पुऱ्याउने कार्य अनुरूप कार्यालयमा सदस्यको उपस्थितिलाई सजिलो बनाउने क्रममा मौजुदा कार्यालयको व्यवस्थापन गर्दै लगिएको छ ।

➥ आवश्यकता अनुसार कार्यालयलाई छिटो, छरितो, भरपर्दो र गुणस्तरीय बनाउन आवश्यक समाग्रीहरू सफ्टवेयर सहितको कम्प्यूटर, फोटोकपी मेशीन, प्रिन्टर, क्यामरा, ब्याकअप हार्ड डिक्स, प्रोजेक्टर आदिको व्यवस्था गरिएको छ ।

➥ संस्थाले वर्दघाट-७ जिमिरेभार स्थित केन्द्रिय कार्यालय आफ्नै सुविधा सम्पन्न भवन र सेवा केन्द्रहरू : वाल्मिकी सेवा केन्द्र प्रतापपुर-२, गोपिगञ्ज आफ्नै सुविधा सम्पन्न भवन, वर्दघाट सेवा केन्द्र, वर्दघाट-४ भाडाको भवन, स्वर्णिम सेवा केन्द्र वर्दघाट-९ भाडाको भवन, मिरमिरे सेवा केन्द्र वर्दघाट-१३ भाडाको भवन, दाउन्नेदेवी सेवाकेन्द्र बर्दघाट-१६ भाडाको भवन र उदय सेवा केन्द्र बर्दघाट-१३ आफ्नै भवन गरी ७ ठाउंवाट सदस्यहरूलाई सेवा प्रदान गर्दै आईरहेको छ ।

## पुरस्कार तथा प्रोत्साहन

➥ लामो इतिहास बोकेको नेपालको सहकारी अभियानले २०४७ सालको राजनैतिक परिवर्तन र सहकारी ऐनको जारीपछि गति लिएको देखिन्छ । सङ्ख्यात्मक रूपमा सहकारीको विकास भए पनि गुणात्मक विकास, प्रभावकारी सेवा, पारदर्शी व्यवस्थापन र दरिलो वित्तीय संरचनाका बारेमा भने धेरै प्रश्न उठ्ने गर्दछन् । यी र यस्तै विविध सरोकारवाला पक्ष सकारात्मक भएका कारण संस्थाले विभिन्न समयमा देहाय बमोजिमको पुरस्कार तथा सम्मान प्राप्त गर्न सफल भएको छ ।

| क्र.सं. | पुरस्कार तथा सम्मान | प्रदान गर्ने निकाय |
|---|---|---|
| १. | नेपालको सर्वोत्कृष्ट साकोस २०७९ | नेफ्स्कून |
| २. | प्रदेश नं. ५ को उत्कृष्ट साकोस २०७४ | नेफ्स्कून |
| ३. | प्रदेश नं. ५ को उत्कृष्ट सहकारी २०७५ | राष्ट्रिय सहकारी बैंक |
| ४. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ | राष्ट्रिय सहकारी संघ लि. नेपाल |
| ५. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७१ | जिल्ला सहकारी संघ लि. नवलपरासी |
| ६. | लुम्बिनी प्रदेश उत्कृष्ट व्यवस्थापक २०७८ | नेफ्स्कून |

➥ यसै गरी हाम्रो संस्था नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (NEFSCUN) द्धारा सञ्चालित पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (Probation) मा सफल भई राष्ट्रिय स्तरको सहकारी ब्राण्ड (Probation Brand) प्राप्त गर्न र त्यस्तैगरि नेफ्स्कूनको प्राविधिक सहयोग र एशियाली ऋण महासंघ (ACCU) द्धारा सञ्चालित एक्सेस ब्राण्ड प्राप्त गर्न सफल भईसकेको छ । यस ब्राण्ड अन्तर्गत अक्कु र नेफ्स्कूनले विभिन्न ८६ वटा सूचकहरूको आधारमा संस्थाको सेवा तथा सुरक्षाको मापन गर्दै आएको थियो । यी सूचकहरूको बारेमा अक्कु र नेफ्स्कूनका प्रतिनिधीहरू स्वयम् उपस्थित भएर संस्थाको अन्तिम लेखा परीक्षण गरिएको थियो ।

## प्रकाशन

- संस्थाका विभिन्न सेवा सुविधा एवं कार्यक्रमहरूको बारेमा विस्तृत जानकारी दिने उद्देश्यले भित्ते पात्रो, टेबल क्यालेण्डर, संक्षिप्त चिनारी प्रकाशन गरिएको छ ।
- सदस्यहरूमाझ बचत र ऋणका सेवाहरूको ब्याजदर, ऋण लगानी प्रक्रिया, सदस्य प्राप्त गर्ने प्रक्रिया आदिको वारेमा जानकारी प्राप्त गर्न कार्यालयमा फ्लेक्स सूचना प्रणाली निर्माण गरि राखिएको छ ।
- संस्थाको पहिचान सहितको टि-सर्ट, डायरी, झोला जस्ता प्रवर्धनात्मक सामाग्रीको प्रकाशन गरिएको छ ।

## सम्भाव्य लगानीका अवसर

सदस्यहरूको आय वृद्धिका लागि विभिन्न किसिमका नयाँ-नयाँ लगानीका सम्भावना एवं सीपहरूको खोजी गर्ने क्रममा राष्ट्रिय स्तरसम्म यस वर्ष सम्पर्क र समन्वय विस्तार गरिएको छ । देश भित्रका यस प्रकारका सेवा प्रदायकहरूसँग पनि निरन्तर नजिकमा रही औपचारिक तथा अनौपचारिक रूपमा छलफल अघि बढिरहेको छ । निकट भविष्यमा नै यस प्रकारको कार्यको प्रगति सदस्यसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौँ ।

## आन्तरिक क्षमता विकास र व्यवस्थापन

- संस्थामा प्रत्यक्ष रूपमा संलग्न जनशक्तिको क्षमता विकास गर्दै लैजाने क्रममा सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, ऋण उप-समिति एवं कर्मचारीहरूका लागि आवश्यक अवसर/तालिम प्रदान गर्दै लगिएको छ । यस वर्ष कर्मचारीहरूलाई प्रदान गरिएको अवसरहरू/तालिमहरू :

| क्र.सं. | नामथर | पद | कार्यक्रमको नाम | मिति | प्रदान गर्ने निकाय/संस्था |
|---|---|---|---|---|---|
| १. | सुनयना चौधरी | अधिकृत | साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी २०७९ (SACCOS CEO's NATIONAL WORKSHOP 2023) | २०७९ फाल्गुण २४ देखि २५ सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| २. | विजय कुमार झवाली | स. अधिकृत | साकोसका व्यवस्थापन प्रमुखहरूको राष्ट्रिय गोष्ठी २०७९ (SACCOS CEO's NATIONAL WORKSHOP 2023) | २०७९ फाल्गुण २४ देखि २५ सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३. | सुनिल चौधरी थारू | व. सहायक | सदस्य सम्बन्ध व्यवस्थापन तालिम (Member Relationship Management Training) | २०७९ मंसिर २२ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| ४ | धन बहादुर नेपाली | व. सहायक | कर्जा असुली व्यवस्थापन तालिम (Loan Recovery Management Training) | २०७९ कार्तिक २३ | राष्ट्रिय सहकारी बैंक लि. |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सकुन्तला क्षेत्री | व.सहायक | पर्ल्स अनुगमन तालिम (PEARLS Monitoring Training) | २०७९ भदौ २० देखि २२ सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| | | | कर्जा असुली व्यवस्थापन तालिम (Loan Recovery Management Training) | २०७९ कार्तिक २३ | राष्ट्रिय सहकारी बैंक लि. |
| | | | ऋणको कानुनी प्रकृया तथा धितो मूल्याङ्कन तालिम ( Legal Process and Collateral Valuation Training ) | २०७९ मंसिर २४ देखि २५ गते सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| ६ | सुजन गौतम | सहायक | ऋणको कानुनी प्रकृया तथा धितो मूल्याङ्कन तालिम ( Legal Process and Collateral Valuation Training ) | २०७९ मंसिर २४ देखि २५ गते सम्म | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) |
| ७ | जानुका रिजाल | सहायक | कर्जा असुली व्यवस्थापन तालिम (Loan Recovery Management Training) | २०७९ कार्तिक २३ | राष्ट्रिय सहकारी बैंक लि. |

- संस्थाको मौजुदा व्यवस्थापकीय संरचनामा समयानुकूल परिवर्तन गरिएको छ । संस्थामा सदस्य सेवा विभाग, बचत विभाग, ऋण विभाग, आर्थिक प्रशासन विभाग र लघुवित्त विभाग गरी ५ वटा छुट्टाछुट्टै विभागको विकास गरिएको छ । व्यवस्थापनको नियमित बैठक तथा समिक्षा, आवधिक स्वमूल्याङ्कन, व्यवसायको लक्ष्य र उपलब्धीको समिक्षा गर्ने गरिएको छ भने नियमित कर्मचारीको कार्यविवरणलाई अधावधिक गरिएको छ । व्यवस्थापकीय सूचना प्रणालीको मजबुत रूपमा विकास गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन संस्था प्रतिबद्ध रहेको छ ।
- संस्थालाई नीति, विधि र प्रविधिमार्फत सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता अनुसार नयाँ नयाँ प्रविधिको प्रयोग मार्फत सेवालाई आधुनिकीकरण गर्दै लगिएको छ भने हाल संस्थामा २९ वटा नीति तथा कार्यविधिहरू रहेको र ती नीति तथा कार्यविधिमार्फत संस्था सञ्चालनमा रहेको छ ।

## कर्मचारी परिचालन

- वार्षिक लक्ष्य अनुसार सेवाकेन्द्रको व्यवसाय र सम्भाव्य बजार तथा क्षमताको आधारमा कार्यालयको न्यूनतम दिगोपनालाई मध्यनजर गर्दै आवधिक लक्ष्य प्रदान गरिएको र आवधिक रूपमा नै लक्ष्य प्राप्तिको नियमित प्रगति समीक्षा गर्ने गरिएको छ,
- प्रत्येक कर्मचारीलाई कार्य विवरण (Job description) अनुसार लक्ष्य निर्धारण गरी जिम्मेवारी दिने गरिएको छ, लक्ष्य अनुसारको उपलब्धी प्राप्त गर्न प्रभावकारी कार्यान्वयनको लागि विभागहरूलाई जिम्मेवारी र जवाफदेही बनाईएको छ,
- नियमित रूपमा कर्मचारीको कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा, सरूवा तथा जिम्मेवारी हेरफेर (Job Rotation) गरी परिचालन गर्ने व्यवस्था गरिएको छ,

- विभागीय प्रमुख एवं सेवा केन्द्र प्रमुखहरूले नियमित रूपमा कार्य प्रगतिको प्रतिवेदन प्रस्तुत गर्ने गरिएको छ,
- कर्मचारीको सन्तुष्टि मापन गर्ने परिपाटीको विकास गरिएको छ,
- कर्मचारीको लागि संस्थाद्धारा जारी गरिएको आचारसंहिताको पूर्ण पालना भएको छ ।

## रकम रकमान्तर सेवा (मनी ट्रान्सफर)

- रोजगारीको सिलसिलामा देशबाहिर जाने सदस्यले पठाउनु भएको रकमलाई संस्थामार्फत आफ्नै घर दैलोमा प्राप्त गर्ने व्यवस्था मिलाउन Money Transfer निकायहरूसँग आवश्यक समन्वय गरी सेवालाई थप विस्तार गरिएको छ, देशभित्र पनि रकम पठाउने तथा पाउने व्यवस्थालाई व्यापक र व्यवस्थित गर्दै सेवाको प्रभाव क्षेत्र बढाइएको छ ।

## पूँजी वृद्धि

सहकारी संस्थाको मेरूदण्ड भनेको त्यस संस्थाको पूँजी संरचना हो । सानो रकमबाट सहकारी अभियान सुरू गरिएको हाम्रो संस्थाको विगतको इतिहास रहेको छ । तर कारोबार सञ्चालनमा हुँदै गएको वृद्धिले पूँजी कोष वृद्धिमा पनि अहम् भूमिका राख्दछ । यसै परिप्रेक्ष्यलाई मध्यनजर गर्दै गत वर्ष संस्थागत पूँजी वृद्धिका लागि विशेष जोडका साथ प्रस्तावित गरिएको लक्ष्य यस साधारण सभासम्म आइपुग्दा लक्ष्यको नजिक रहेको छ । संस्थाले हर हमेसा अवलम्बन गर्दै आएको पर्ल्स (PEARLS) को न्यूनतम मापदण्ड अनुसार संस्थाको कुल पूँजी वृद्धिको अनुपातमा संस्थागत पूँजी वृद्धिको अनुपात पनि मिलेर अगाडि जानुपर्ने र यसलाई निरन्तरता दिनुपर्ने हुंदा संस्थाको मेरूदण्डको रूपमा रहेको संस्थागत पूंजी वृद्धिका लागि विशेष जोड दिईएको छ । यस वर्ष संस्थाको कुल सम्पत्तिको अनुपातमा संस्थागत पूंजी ८.५१ प्रतिशत रहेको छ ।

## आधारभूत भुक्तानी सेवा

सदस्यको आधुनिक प्रविधियुक्त सेवालाई सर्वसुलभ तरिकाले घरदैलोमा नै पुऱ्याउने संस्थाको प्रतिवद्धताअनुसार विधुत् बिल भुक्तानी, पानी महसुल, प्रिपेड, पोष्टपेड, ल्याण्डलाइन टेलिफोन, ADSL को रिचार्ज संस्था मार्फत भुक्तानी गराउने व्यवस्थाको सुभारम्भ भैसकेको छ ।

## सदस्य सर्वेक्षण

संस्थाले सञ्चालनमा ल्याएका सेवाहरूको गुणस्तर,सदस्य सन्तुष्टि एवं प्रभावकारिता तथा आगामी दिनमा संस्थाले सञ्चालनमा ल्याउने कार्यक्रम तथा सेवाहरूलाई पूर्ण रूपमा सदस्यले स्वामित्व ग्रहण गर्न सकून् भन्ने उद्देश्यले सदस्यमा सर्वेक्षण गरिएको थियो । सर्वेक्षणको क्रममा सदस्यहरूबाट प्राप्त भएका सुझावलाई नीतिगत तह र व्यवस्थापन तहसँग सम्बन्धित गरी सम्बोधन गरिएको छ ।

## नयाँ प्रविधियुक्त सेवा

- नयाँ-नयाँ प्रविधि र उपकरणको प्रयोग गरि सदस्यहरूलाई प्रभावकारी र प्रविधियुक्त आधुनिक सेवा दिने उद्देश्यले बैङ्किङ्ग सफ्टवेयर जडान गरी सञ्चालनमा ल्याएको छ भने ग्रामीण वाल्मिकी एसएमएस सेवा (Gramin Balmiki SMS Service) र ग्रामीण वाल्मिकी स्मार्ट एप्स पनि सञ्चालनमा ल्याई सदस्यहरूले घरमै बसी आफ्नो मोबाइलबाट एसएमएससमार्फत आफ्नो खातामा रहेको रकमको जानकारी, खाताको संक्षिप्त विवरण, रकम जम्मा गरेको तथा निकालेको जानकारी, चेकबुक अनुरोध, मोबाइल रिचार्ज, टेलिफोन तथा एडिएसएल बिल भुक्तानी,

विजुली बिल महशुल जस्ता सेवाहरू पनि घरमै बसीबसी लिन सकिने व्यवस्था मिलाईएको छ ।

- संस्थाको Gramin Balmiki Smart Banking Apps बाट नेपाल भित्रका जुनसुकै बैंकको खातामा सजिलै रकम Transfer गर्न सकिने सुविधाको पनि सुभारम्भ भैसकेको छ ।
- QR भुक्तानी सेवा र बिना चेक QR Withdrawal सुविधाको शुभारम्भ भैसकेको छ ।

## कर्मचारी व्यवस्थापन तथा विकास

- कुनै पनि संस्थाको विकासमा त्यस संस्थाको जनशक्तिको धेरै ठुलो योगदान रहने गर्दछ तसर्थ संस्थाको दीर्घकालीन विकास तथा सफलताको लागि कुशल कर्मचारी व्यवस्थापन अपरिहार्य रहन्छ । बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको अग्रता कायम राख्नको निमित्त निरन्तर रूपमा कर्मचारीको सीप अभिवृद्धि गर्न तथा उहाँहरूको मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्था प्रयत्नशील रहेको छ । २०८० साल आषाढ मसान्तसम्म संस्थाको व्यवस्थापन स्तरमा ३० जना कर्मचारी कार्यरत रहनुभएको छ ।

## स्वमूल्याङ्कन

विगत ९ वर्षदेखि सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति र कर्मचारीहरूको नीतिगत रूपमा व्यवस्था गरी स्वमूल्याङ्कन गर्दै आइरहेको छ ।

## संस्थागत सुशासन

संस्थाले सहकारी ऐन, नियमावली तथा सहकारी विभागको संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको भावना र मर्म बमोजिम निर्देशनको पालना गर्दै आएको छ । आन्तरिक तथा बाह्य लेखा परीक्षक तथा नियमनकारी निकायहरूले औंल्याएका कैफियत एवं सुझावहरूमाथि गम्भीरतापूर्वक छलफल गर्ने र सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिने कार्यमा प्रभावकारी भूमिका खेल्दै आईरहेको छ । ऐन, नियम एवं निर्देशनअनुसार विभिन्न नियमनकारी निकायहरूमा पठाउनु पर्ने प्रतिवेदन, सूचना, जानकारीहरू यथासमयमा पठाउने गरेका छौं । संस्थालाई अझ बढि व्यवस्थित गर्न सुशासन नीति नै तयार गरी कार्यान्वयनमा ल्याएका छौं । संस्थाको नियमित कार्य सञ्चालनलाई पनि नीति, कार्यविधी, कार्यविवरण मार्फत निर्देशित गर्ने अभ्यासलाई जारी राखिएको छ ।

# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

## नीति तथा कार्यक्रमहरु

यस ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. विगत लामो समय देखि PROBATION (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रममा) र एसियाली स्तरको एक्सेस ब्राण्ड कार्यक्रममा सहभागी भई ब्राण्ड प्राप्त गर्न सफल भएको, चार (४) वर्षे व्यावसायिक योजनाको तेस्रो वर्षमा र समय समयमा सल्लाहकार, सञ्चालक समिति, उप समिति र सदस्यहरूसंग गरिएको अन्तरक्रिया, सुझाव पेटिका र सुझाव पुस्तिकामा व्यक्त गरिएका अभिव्यक्ति एवं सदस्य सर्वेक्षणको एकीकृत प्रतिवेदनको पृष्ठभूमिमा संस्थाको वार्षिक नीति तथा कार्यक्रम परिलक्षित रहेको छ । सहकारी ऐन र नियमावली, विभागीय मापदण्ड एवं परिपत्र, संस्थाको विनियम एवं नीति नियम तथा कार्यविधीहरू र सञ्चालक समितिका निर्णयहरू प्रमुख रूपमा प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमका लागि सन्दर्भ सामग्रीका रूपमा आधार मानिएको छ ।

### १. सदस्यता वृद्धि

आ. व. २०८०/०८१ मा सदस्यता विस्तारलाई अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त र सहकारी ऐनको परिधिभित्र रही खुल्ला राख्दै सदस्यता विस्तारलाई निरन्तरता दिंदै यस वर्ष शेयर सदस्य १५ हजार जना पुऱ्याइनेछ ।

### २. व्यवसाय वृद्धि

वित्तीय बजारमा हाल निकै उतरचढाव रहेता पनि आ.व. २०८०/०८१ को दोश्रो त्रैमासबाट क्रमश सुधार हुदै जाने सम्भावनालाई आँकलन गर्दै संस्थाको व्यावसायिक योजनाको निर्धारित लक्ष्य प्राप्तिका लागि व्यवसाय वृद्धि पहिलो त्रैमासमा १५ प्रतिशत, दोश्रो त्रैमासमा २५ प्रतिशत, तेश्रो त्रैमासमा ३० प्रतिशत र अन्तिम त्रैमासमा ३० प्रतिशतका दरले लक्ष्य प्राप्ति गर्ने अनुमान गरिएको छ ।

#### क) शेयर पूँजी

आ. व. २०८०/०८१ मा रू. १३,८३,७५,०००/- (अक्षरूपी तेह्र करोड त्रियासी लाख पचहत्तर हजार मात्र ।) शेयर पूँजी पुऱ्याईने लक्ष्य राखिएको छ । हाल संस्थामा करिब ७० प्रतिशत सदस्यहरूको औसत शेयर पूँजी भन्दा कम रहेकाले त्यस्ता सदस्यहरूलाई औसत शेयर पूँजी पुऱ्याउनका लागि प्रोत्साहन गरिने छ भने ऋण लगानी गर्दा ५ लाख वा सो भन्दा माथीको ऋण लगानीमा अनिवार्य रूपमा औसत शेयर पूँजी र ५ लाख भन्दा कम ऋण लगानीमा औसत शेयर पूँजीको ५० प्रतिशत शेयर रकम अनिवार्य पुऱ्याउने व्यवस्था गरिने छ ।

#### ख) संस्थागत पूँजी

संस्थागत पूँजी चालु आ.व.को अन्तसम्ममा कूल पूँजी तथा दायित्वको ९.२५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । संस्थागत पूँजी नाफाबाट जगेडा कोषमा गएको रकम, खर्च नभएका कोषहरू रकमान्तर गरि साथै नयाँ सदस्यहरूबाट प्राप्त भएको प्रवेश शुल्कलाई जगेडा कोषमा सारि लक्ष्य प्राप्त गरिने छ ।

#### ग) बचत निक्षेप

- यस आ.व.मा रू. १,०२,२६,२५,०००/- (अक्षरूपी एक अर्ब दुई करोड छब्बिस लाख पच्चीस हजार मात्र ।) बचत निक्षेप पुऱ्याउने लक्ष्य राखिएको छ ।

- बचत वृद्धिका लागि मासिक बचत रोकिएका वा नियमित नभएका सदस्यहरूलाई फलोअप गरिनेछ ।
- त्यस्तै कुनै पनि महामारीको अवस्थामा कम्तीमा ६ महिना घर चलाउनका लागि आवश्यक रकम बचत गराउने उद्देश्यले आकस्मिक बचतको नयाँ प्रोडक्ट डिजाईन गरि सदस्यहरूलाई सहभागी गराईने छ ।
- संस्थाले सञ्चालनमा ल्याएको बचतका प्रकारहरूमा सदस्यहरूको थप सहभागीता गराउंदै अझ बढि प्रभावकारी ढङ्गबाट अगाडि बढाइनेछ ।

### घ) ऋण लगानी

- यस आ.व. मा ऋण लगानी रू. १,०६,६५,००,०००/- (अक्षरूपी एक अर्ब छ करोड पैंसाठी लाख मात्र ।) पुऱ्याउने लक्ष्य राखिएको छ ।
- ऋण लगानीको अधिकतम सीमा ५० लाख रहनेछ ।

### ङ) कुल आम्दानी

आ.व. २०८०/०८१ मा कुल आम्दानी रू. १५,८९,००,०००/- (पन्ध्र करोड उनान्नब्बे लाख मात्र ।) गर्ने लक्ष्य राखिएको छ ।

### च) कुल खर्च

आ.व. २०८०/०८१ मा खर्चलाई मितव्ययीता अपनाई कुल खर्चलाई रू. ११,८६,००,०००/- (अक्षरूपी एघार करोड छयासी लाख मात्र ।) मा सिमित गर्ने लक्ष्य राखिएको छ ।

### छ) खुद बचत

आ.व. २०८०/०८१ मा आम्दानीबाट सबै खर्च कटाई रू. ४,०३,००,०००/- (अक्षरूपी चार करोड तीन लाख मात्र ।) खुद बचत गर्ने लक्ष्य राखिएको छ ।

### ज) कुल वासलात

आ. व. २०८०/०८१ को अन्तसम्ममा वासलात रू. १ अर्ब ३५ करोड पुऱ्याउने लक्ष्य राखिएको छ ।

## ३. शिक्षा तथा तालिम

- संस्थामा उपलब्ध जनशक्तिलाई अझ बढि व्यावसायिक बनाउदै व्यावसायिक संलग्नताको विकास गर्दै लगिनेछ । जसका लागि आवश्यक तालिमहरूको व्यवस्था गरिनेछ ।
- सदस्य, संचालक तथा कर्मचारीहरूको क्षमता वृद्धिका लागि आर्थिक वर्ष २०८०/०८१ मा तपशिल अनुसारका तालिम, अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ ।

### क. शेयर सदस्यज्यूहरुको लागि निम्नानुसारको शिक्षा तथा तालिम सञ्चालन गरिनेछ ।

- शेयर सदस्यहरूलाई आधारभूत वित्तीय साक्षरता तालिम प्रदान गरिनेछ । जसबाट कम्तिमा १,००० जना सदस्यले वित्तीय साक्षरता तालिम प्राप्त गर्नुहुनेछ ।
- शेयर सदस्यज्यूहरूलाई लागत सहभागितामा २ देखि ३ दिनको अध्ययन अवलोकन भ्रमण गराईनेछ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संघ संस्थाहरूसंग आवश्यक समन्वय गरी सदस्यहरूको लागि पेशागत सीपमा आधारित तालिम सञ्चालन गरिनेछ ।

ख. सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरुका लागि निम्नानुसारको शिक्षा तथा तालिम प्रदान गरिनेछ ।

- वित्तीय प्रतिवेदन बुझाई र पर्ल्स तालिम,
- सहकारी शिक्षा/वित्तीय साक्षरता प्रशिक्षक प्रशिक्षण तालिम,
- कानुनी संहिता सम्बन्धी अभिमुखिकरण कार्यक्रम,
- साकोस सञ्चालकहरूको क्षमता अभिवृद्धि (CUDCC) तालिम,
- संघ संस्थाद्धारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागी,
- एशियाली ऋण महासंघ वा सहकारीसंग सम्बन्धित संघ संस्थाले आयोजना गर्ने अन्तर्राष्ट्रिय फोरम तथा कार्यशाला गोष्ठीहरू एवं तालिममा सहभागीता ।

ग. कर्मचारीहरुको लागि निम्नानुसारको शिक्षा तथा तालिम प्रदान गरिनेछ ।

- ऋण व्यवस्थापन,
- लेखा व्यवस्थापन,
- फर्जी नोट पहिचान,
- साकोस व्यवस्थापकहरूको क्षमता अभिवृद्धि (CUMCC) तालिम,
- उत्प्रेरणा सम्बन्धी अन्य तालिम,
- संघ संस्थाद्धारा आयोजित तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रममा सहभागी,
- एशियाली ऋण महासंघ वा सहकारीसंग सम्बन्धित संघ संस्थाले आयोजना गर्ने अन्तर्राष्ट्रिय फोरम तथा कार्यशाला गोष्ठीहरू एवं तालिममा सहभागीता ।

## ४. व्यावसायिक तथा उधमशीलता विकास

- सदस्यहरूलाई सीप प्रदान गरि स्वरोजगार बनाउनका लागि सदस्यलाई सीपमूलक तालिम तथा उधमशिलता तालिम प्रदान गरिनेछ ।
- स्थानिय तह (कार्यक्षेत्र भित्रका पालिकाहरू) संगको साझेदारीमा व्यावसायिक तथा उधमशीलता विकासका कार्यक्रमहरू अगाडि बढाईनेछ ।

## ५. शेयर लाभाँश

सदस्यहरूलाई आगामी वर्ष शेयर लाभाँश कम्तीमा १२ प्रतिशत वितरण गर्ने लक्ष्य राखिएको छ ।

## ६. संरक्षित पूँजी फिर्ता कोषको व्यवस्थापन

सदस्यहरूलाई कारोवारका आधारमा यस कोषको रकम वितरण गरिने छ ।

## ७. स्थिर सम्पति

स्थिर सम्पत्तिलाई कूल सम्पत्तिको ५ प्रतिशत भन्दा कम कायम राख्ने गरी यस आ.व. मा अति आवश्यक समानहरू मात्र खरिद गरिनेछ । कार्यालयको बढ्दै गएको कार्यभार र कार्यक्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी कार्य सम्पादन गर्नका लागि कार्यालयको भौतिक संरचना सुधार कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ भने आवश्यक फर्निचर, कार्यालय

सामाग्री, कम्प्यूटर, ल्यापटप, प्रिन्टर,मोवाईल तथा ट्याव, सवारी साधन एवं अन्य उपकरणहरूको थप व्यवस्था गरिनेछ ।

## ८. बाह्य ऋण

तरलता व्यवस्थापनका लागि एवं संस्थामा सदस्यहरूको ऋण माग तथा सम्बन्धलाई बीचार गरी अन्य सम्भाव्य वित्तीय संघ संस्थाहरूबाट आवश्यकता अनुसार अनुकूल दरको ऋण लिई व्यवस्थापन गरिनेछ । बाह्य ऋण कुल सम्पत्तिको ५ प्रतिशत ननाघ्ने गरी व्यवस्थापन गरिने छ ।

## ९. मानव शंसाधन व्यवस्थापन एवं परिचालन

कुनै पनि संस्थाको विकासमा त्यस संस्थाको जनशक्तिको धेरै ठूलो योगदान रहने गर्दछ तसर्थ संस्थाको दीर्घकालीन विकास तथा सफलताको लागि कुशल कर्मचारी व्यवस्थापन अपरिहार्य रहन्छ । बढ्दो प्रतिस्पर्धात्मक वातावरणमा संस्थाको अग्रता कायम राख्नको निमित्त निरन्तर रूपमा कर्मचारीको सीप अभिवृद्धि तथा मनोबल उच्च राख्न आवश्यक भएको हुनाले विभिन्न तालिम तथा अन्य व्यावसायिक विकासका कार्यक्रम सञ्चालन गर्न संस्था प्रयत्नशील रहेको छ ।

- कर्मचारी व्यवस्थापन गर्दा कर्मचारीको उत्पादकत्वलाई समेत ध्यान दिईने छ । (प्रति कर्मचारी सदस्य संख्या ५००, खाता संख्या १००० र ऋण भार २.५ करोड)
- कर्मचारीहरूको क्षमता वृद्धि गर्न विषयगत तालिमहरूमा सहभागी गराईने छ ।
- कर्मचारीको कार्यसम्पादन मूल्यांकनको आधारमा प्रोत्साहन एवं हौसला प्रदान गरिनेछ ।
- नियमित रूपमा कर्मचारीको कार्य सम्पादन मूल्यांकनका आधारमा बढुवा, सरूवा तथा जिम्मेवारी हेरफेर गरी परिचालन गर्ने व्यवस्था गरिनेछ ।
- कर्मचारीहरूको लागि संचय कोषको व्यवस्था, उपदान सुविधा र बिमा सुविधा आदि सामाजिक सुरक्षा कोषमा आवद्ध भई सकेको हुनाले सोही बमोजिम व्यवस्थित हुनेछ ।
- आवश्यकता अनुसार कर्मचारीहरू थपघट गरिनेछ ।
- कम्तिमा ३ जना प्रशिक्षार्थी कर्मचारीको व्यवस्था गरिनेछ ।
- कर्मचारीको सन्तुष्टि मापन गर्ने परिपाटीको विकास गरिएकोमा यसलाई निरन्तरता दिईनेछ ।

## १०. ब्याजदर निर्धारण

सदस्यहरूलाई छिटो छरितो र स्तरिय बचत तथा ऋण सेवा पुगोस भन्ने हेतुले ब्याजदर निर्धारण गर्दा त्रैमासिक रूपमा स्थानिय तथा राष्ट्रिय वित्तीय विश्लेषणका आधारमा प्रतिस्पर्धीहरूको ब्याजदर, सन्दर्भ ब्याजदर तथा आधार दरलाई आधार मानी ब्याजदर समायोजन गर्दै लगिने छ ।

## ११. ऋण व्यवस्थापन

- सदस्यहरूको आय वृद्धिका लागि विभिन्न किसिमका व्यवसायका लागि नयाँ–नयाँ लगानीका सम्भावनाहरूको खोजी गरिनेछ ।
- ऋण लगानी प्रक्रियालाई सम्भव भएसम्म साख सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ । यसै गरी ऋण अनुगमन प्रक्रियालाई ऋण उप समितिमार्फत अझ बढि प्रभावकारी र नियमित बनाइनेछ । यसै सन्दर्भमा पहिला ऋण लिई समयमा भुक्तानी नगर्ने सदस्यलाई पुनः ऋण माग गर्दा प्राथमिकता दिईने छैन ।

- अन्तर्राष्ट्रिय सदस्य संरक्षण सिद्धान्त (Member Protection Principle) अनुसार ऋणी सदस्यहरूलाई संस्थागत व्यवहार गरिनेछ ।
- ऋण लगानी तथा असुलीलाई प्रभावकारी बनाउनका लागि ऋण भुक्तानीको नियमितताका आधारमा ऋणीहरूलाई आन्तरिक वर्गीकृत गरिनेछ ।
- ऋण लगानीलाई अझ बढि व्यवस्थित बनाउंदै लगिनेछ ।

## भाखा नाघेको ऋण व्यवस्थापन

- संस्थाको ऋण नीतिमा भएको व्यवस्था अनुसार भाखा नाघेको ऋणको आधारमा १%, ३५% र १०० प्रतिशत ऋण सुरक्षण कोषको व्यवस्था गरिने छ ।
- साथै तोकिएको समयमै ऋण असुलीका लागि ऋण ताकेता तथा अनुगमनको व्यवस्था मिलाइने छ ।
- कुल ऋण लगानीमा भाखा नाघेको ऋण ३ प्रतिशत भित्र कायम गर्ने लक्ष्य राखिएको छ ।

## १२. तरलता व्यवस्थापन

सदस्यहरूको आवश्यकताअनुसार जुनसुकै बेला बचत/निक्षेप फिर्ता गर्न कुल बचत रकमको १५ देखी २० प्रतिशत तरलता कायम गरिने छ । सो भन्दा तल झरेमा बाह्य ऋणको व्यवस्था गरि तरलता कायम गरिने छ भने तरलता बढि भएमा आर्थिक लगानीको व्यवस्था गरिने छ ।

## १३. विप्रेषण सेवा

रोजगारीको सिलसिलामा देश बाहिर जानुहुने हाम्रा सदस्य एवं समुदायका व्यक्तिहरूले पठाएको रकमलाई संस्थामार्फत नै भुक्तानी पाउने व्यवस्था मिलाउन Money Transfer निकायहरूसंग आवश्यक समन्वय गरी आन्तरिक तथा बाह्य रकम रकमान्तर सेवालाई कार्यान्वयनमा ल्याइसकिएकोमा सो को थप विस्तार गरी रेमिट्यान्स सेवा उपलब्ध गराइनेछ ।

## १४. नीति तथा कार्यविधि

संस्थालाई नीति र विधिबाट संचालन गर्नका लागि हालसम्म १९ वटा नीति, ९ वटा कार्यविधि र १ वटा निर्देशिका निर्माण गरि कार्यान्वयनमा ल्याएकोमा संस्था संञ्चालनको क्रममा आवश्यक पर्ने नीति, नियम तथा कार्यविधिहरूको तय गरी परिमार्जन गर्दै लगिनेछ ।

## १५. सामाजिक उत्तरदायित्व

सहकारी समुदायमा आधारित संस्था भएकाले आमसमुदाय लाभान्वित हुने तपशिल अनुसारका सामाजिक सेवाका कार्यक्रमहरू संचालन गरिने छ ।

| | |
|---|---|
| १. रक्तदान कार्यक्रम | २. वृक्षारोपण कार्यक्रम |
| ३. स्वास्थ्य शिविर | ४. लागु पदार्थ सम्बन्धी सचेतना कार्यक्रम |
| ५. दैवी प्रकोप सहयोग | ६. सहभागीतामूलक सरसफाई कार्यक्रम |
| ७. छात्रवृत्ति | ८. अन्य |

## १६. सम्मान कार्यक्रम

- नियमित बचत जम्मा गर्ने तथा नियमित ऋण असुली एवं सही सदुपयोग गर्ने सदस्यहरूलाई प्रोत्साहन एवं हौसला स्वरूप पुरस्कृत गर्ने, अब्बल समूह, जेष्ठ सदस्य, उत्कृष्ट सदस्य, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट व्यवसायी, धेरै सदस्यता बृद्धि गर्ने सदस्य र स्मार्ट सदस्य सम्मान गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिईनेछ भने यस वर्षबाट त्रैमासिक रूपमा उत्कृष्ट सदस्य सम्मान गर्ने कार्यक्रमको शुरूवात गरिनेछ ।
- प्रत्येक त्रैमासिक प्रगतिको आधारमा उत्कृष्ट हुने सेवा केन्द्र र कर्मचारीलाई सम्मान गरिनेछ ।

## १७. सदस्य सेवा कार्यक्रम

सदस्य सेवा कार्यक्रम अर्न्तगत तपशिल अनुसारको कार्यक्रम संचालन गरिने छ ।

- सबै शेयर सदस्यहरूको लागि बिमा कार्यक्रम लागू गर्नका लागि आवश्यक कार्यको थालनी गरिनेछ ।
- सदस्य राहत कोष अन्तर्गत सदस्यको मृत्यु भएमा सदस्य परिवारलाई उपलब्ध गराउंदै आइएको मौजुदा श्रद्धाञ्जलीसहित राहत रकम रू. १५,०००/- लाई बृद्धि गरि रू. २०,०००/- पुऱ्याईने छ । कोष व्यवस्थापनको लागि वार्षिक प्रति सदस्य रू. १००/- का दरले मासिक बचतबाट कट्टा गरिनेछ भने नयाँ बन्न आउने सदस्यबाट संस्थामा प्रवेश गर्दाको बखतमा नै लिईनेछ ।
- सुत्केरी भेटघाट तथा नवशिशु स्वागत कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नव वेहुली स्वागत कार्यक्रमलाई यस वर्षबाट शुरूवात गरिनेछ ।
- लघुवित्त ऋणको ऋण बिमा कार्यक्रम लागू गरिनेछ ।
- सदस्यहरूलाई दुर्घटना तथा बिरामी हुंदा सहुलियत ऋण उपलब्ध गराईनेछ । यसरी उपलब्ध गराइएको ऋण ३० दिन भित्र असुली भएमा ब्याज लाग्ने छैन भने सो भन्दा माथि भएमा बचत जमानी ऋणको ब्याजदर बराबर ब्याज लाग्नेछ ।
- सदस्यहरूलाई छुट कार्डको व्यवस्था गरिने छ ।

## १८. गुणस्तर सुनिश्चितताको कार्यक्रम

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. नेफ्स्कूनद्धारा सञ्चालित राष्ट्रिय स्तरको Probation ब्राण्ड र एशियाली ऋण महासंघ (अक्कु) द्धारा सञ्चालित एशियाली स्तरको ACCESS ब्राण्डको प्राप्ति पछि यसलाई निरन्तरता दिन आवश्यक कार्यहरूलाई सम्पन्न गरिने छ ।

## १९. सदस्य सूचना

सदस्यहरूको सूचनाको हकलाई सुनिश्चितताका लागि वार्षिक प्रतिवेदन, स्थानीय पत्र पत्रिकामा सूचनाहरू प्रकाशित गर्ने, कार्यालयमा सूचना पाटी, एस एम एस, सामाजिक संञ्जाल तथा वेवसाइटमार्फत संस्थाका गतिविधि तथा सूचनाहरू सम्प्रेषण गर्ने व्यवस्था मिलाईने छ ।

## २०. छपाई तथा प्रकाशन

- संस्थाको भित्तेपात्रो, डायरी, ब्रोसर, क्याटलग, फाईबर झोला, ग्रामीण वाल्मिकी सन्देश पत्रिका प्रकाशन गरिनेछ ।
- संस्थासंग सम्बन्धित सहकारी सम्बन्धी जानकारीमूलक पुस्तिकाहरू प्रकाशन गरिनेछ ।
- संस्थाको वृत्तचित्र तयार गरिनेछ ।

## २१. सुरक्षा योजना

कार्यालयमा रहने नगद सुरक्षाका लागि काउन्टर, भल्ट तथा मार्गस्थ बिमालाई निरन्तरता दिईने छ । त्यस्तै गत वर्षबाट कर्मचारी, संचालक, लेखा समिति, सल्लाहकार तथा उप समितिहरूका सदस्यहरूको रू. ५ लाख बराबरको औषधी उपचार सहितको दुर्घटना बिमाको शुरूवात गरिएकोमा उक्त कार्यक्रमलाई निरन्तरता दिईने छ ।

## २२. गुनासो सम्बोधन

सदस्य तथा अन्य सरोकारवाला निकायहरूबाट प्राप्त तथा विद्युतीय माध्यमबाट प्राप्त हुने गुनासोहरूको निराकरणका लागि गुनासो सुनुवाई कार्यदल गठन गरि सम्बोधन हुने व्यवस्था मिलाईने छ । साथै सदस्यहरूको सन्तुष्टि मापनका लागि सदस्य सर्वेक्षण गरि त्यसको विश्लेषण गरिने छ ।

## २३. कार्यालय संचालन

- सदस्यहरूको सेवालाई छिटो छरितो तथा सर्वसुलभ सेवा प्रदान गर्न कार्यालय समय बिहान ९:३० बजे देखी ५ बजे सम्म (कारोबार समय १०:०० देखि ४:०० बजेसम्म) र शुक्रबार कार्यालय समय ४ बजे सम्म र कारोबार समय ३:०० बजे सम्म सेवा प्रवाह गरिनेछ ।
- हिउँदको समयमा १ घन्टा कम सेवा प्रदान गरिने छ भने ३६० दिन कार्यालय संचालन सम्बन्धमा हरेक बिदाको दिन विहान १० बजे देखी १२ बजे सम्म काउन्टर सेवा केन्द्रिय कार्यालयमा संचालन गरिने छ ।

## २४. बचत तथा ऋणका सेवाहरुको पुनरावलोकन

यस वर्ष संस्थाको बचत तथा ऋणका सेवाहरूलाई सदस्य केन्द्रित बनाउनका लागि विभिन्न क्षेत्रका सदस्यहरूको प्रतिनिधित्व हुने गरि सदस्यहरूको उपस्थितिमा बचत तथा ऋणका सेवाहरूको पुनरावलोकन/थप गरी डिजाईन गरिने छ ।

## २५. योजना तथा बजेट निर्माणमा सदस्यको सहभागीता

आगामी वर्ष देखी संस्थाको नीति तथा कार्यक्रम, बजेट निर्माण तथा समिक्षामा सदस्यहरूको सहभागीतालाई प्रोत्साहन गरिने छ ।

## २६. कार्य प्रगति तथा समिक्षा प्रकृया

वार्षिक योजना तथा कार्यक्रमलाई मासिक खण्डीकरण गरि प्रगतिको मासिक रूपमा संचालक समितिमा समिक्षा गर्ने तथा त्रैमासिक रूपमा सल्लाहकारज्यूहरू, विभिन्न उप समितिका सदस्यज्यूहरू र सदस्यज्यूहरूको सहभागीतामा प्रगतिको समिक्षा गर्ने व्यवस्था मिलाईने छ ।

## २७. स्वमूल्यांकन

विगत लामो समयदेखि सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र कर्मचारीहरूको नीतिगत रूपमा व्यवस्था गरि स्वमूल्यांकन गर्दै आईरहेकोमा यस कार्यलाई निरन्तरता दिईने छ ।

## २८. साधारण सभा

वार्षिक साधारण सभा क्षेत्रगत (इकाईगत) रूपमा गरिने छ ।

## २९. नयाँ प्रविधियुक्त सेवा

- हाल प्रयोगमा ल्याईएको सफ्टवेयर र ग्रामीण वाल्मिकी स्मार्ट एपमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- आगामी वर्ष संस्थाले संचालनमा ल्याएको मोबाईल एप्सको प्रयोगकर्ता सदस्यहरू वृद्धि गरि ५००० प्रयोगकर्ता पुऱ्याउने लक्ष्य राखिएको छ ।
- आगामी वर्ष एटीएम कार्ड जारी गर्न आवश्यक प्रक्रिया अगाडि बढाईनेछ ।
- वेबसाईटबाट शेयर सदस्य बन्नका लागि भरिने फारम, सदस्य पहिचान फारम, बचत खाता तथा ऋण माग फारम अनलाईन भर्ने प्रविधिको विकास गरिने छ ।
- ई काउन्टर सेवा र क्यू आर कोड मार्फत भुक्तानी गर्न सकिने सेवाको विकास गरिएकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- नयाँ प्रविधि र Paperless Transaction को शुरूवात गरिनेछ ।
- डाटा सुरक्षाको लागि Cloud Server System को प्रयोग गरिएकोमा यसमा आवश्यक सुधार गर्दै लगिनेछ ।
- सि.सि. क्यामेरा ड्युल रेकर्डिङ गरिनेछ ।
- ऋणका लिखतहरूको नेटवर्क एट्याच्ड स्टोरेज वा सफ्टवेयरमा / क्लाउडमा स्क्यान कपी राखिनेछ ।

## ३०. मोबाईल एप ट्युटोरियल भिडियो

गत वर्ष संस्थाको मोवाईल एप (GRAMIN SMART BANKING) प्रयोग विधि बारे ट्युटोरियल भिडियो बनाईएकोमा एपमा गरिने परिमार्जन अनुसार उक्त भिडियोलाई पनि आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## ३१. सदस्य सर्वेक्षण

- यस वर्ष विभिन्न चरणमा सदस्य सर्वेक्षण गर्ने कार्य गरिनेछ ।
- त्रैमासिक रूपमा ऋण सदुपयोगिता सर्वेक्षण गरिनेछ ।

## ३२. एकीकरण

कार्यक्षेत्र भित्रका एकीकरण गर्न इच्छुक सहकारी संस्थालाई एकीकरण गर्ने वातावरण मिलाइने छ भने संस्थासंग उद्देश्य, भावना र कार्यगत प्रक्रिया मिल्ने संस्थाहरूसंग हातेमालो गर्दै एकिकृत भावना विकास गर्ने कार्यलाई नेतृत्वदायी भूमिका निर्वाह गर्दै अगाडि बढाइनेछ ।

## ३३. सेवा केन्द्र

सदस्यमार्फत समुदायलाई स्थानिय स्तरमा नै सर्वसुलभ एवं प्रभावकारी एकीकृत सेवा उपलब्ध गराउने कार्यक्रम अनुसार सेवा केन्द्र स्थापना तथा सञ्चालन गरिनेछ ।

## ३४. अन्य संघ संस्थासंगाको सम्बन्ध

संस्थाको कार्यक्रम र छविलाई व्यापक बनाउन विभिन्न संघ संस्थाहरूसँग सम्पर्क र समन्वय गरी सम्बन्ध विस्तार गरिनेछ । पुराना संस्थाहरूसंगको सम्बन्धलाई निरन्तरता दिंदै दिगो सम्बन्धको विकास गरिनेछ ।

## ३५. कार्यक्रमिक

- स्थानिय तह (कार्यक्षेत्र भित्रका पालिकाहरू), राष्ट्रिय सहकारी संघ, नेफ्स्कून, राष्ट्रिय सहकारी बैंक एवं सहकारी

विभागसंगको साझेदारीमा स्थानिय स्तरको गोष्ठी सञ्चालन गरिनेछ ।

- संस्थाद्धारा लगानी गरिएको आयमूलक क्षेत्र अन्तर्गतको कृषि तथा पशुपालन व्यवसायलाई अझ बढि व्यवस्थित, व्यावसायिक एवं सुरक्षित बनाउने उद्देश्य अनुरूप कृषि तथा पशु-बिमा कार्यक्रम सञ्चालनको लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।
- आर्थिक सेवा प्रदायक संघ संस्थाको मूल प्रभावभन्दा बाहिर रहेका अथवा वित्तीय पहुंच र अवसरबाट बञ्चित समुदायका व्यक्तिहरूलाई वित्तीय सेवा र सहभागीताको मूल प्रवाहमा ल्याउनका लागि आवश्यक कार्य अगाडि बढाईनेछ ।
- लघुवित्त कार्यक्रमको शुरूवात गरिसकेकोमा यसलाई व्यवस्थित बनाइ थप व्यापक बनाउंदै लगिनेछ ।

## ३६. सामाजिक परीक्षण

यस आ.व. को अन्त्यसंगै संस्थाको संस्थागत सामाजिक परीक्षण गराईनेछ ।

## ३७. लेखा परीक्षण

- संस्थाको कारोवारको वार्षिक लेखा परीक्षण साधारण सभाले नियुक्त गरेको लेखापरीक्षक (CA) बाट सम्पन्न गरिनेछ ।
- त्यस्तैगरि कार्यालय सञ्चालन र दैनिक कारोबार व्यवस्थापनलाई थप चुस्त, दुरूस्त एवं व्यवस्थित गर्न पनि आन्तरिक लेखापरीक्षक (CA) द्धारा आन्तरिक लेखापरीक्षण गर्न गत वर्षबाट शुरूवात गरिएकोमा यसलाई निरन्तरता दिईनेछ ।
- NFRS लेखा प्रणाली लागू गरिनेछ ।

**राधा ढकाल**
सचिव

### ऋणको लागि प्रक्रिया

- ऋण माग गर्न सदस्यता प्राप्त गरेको मितिले ३ महिना पुरा भएको हुनुपर्ने ।
- मासिक बचत नियमित हुनुपर्ने ।
- ऋण लिन चाहेको रकमको कम्तिमा १० प्रतिशत बचत तथा शेयर गरी पुगेको हुनुपर्ने ।
- ऋण माग गर्दा कार्यक्षेत्र भित्रको सक्कल पुर्जा, हालसालै तिरो तिरेको रसिद, चारकिल्ला प्रमाणित, प्रमाणित नक्सा आवश्यक पर्ने ।
- सदस्य भन्दा बाहेक एकाघरको जग्गा धनी पुर्जा धितो राख्नुपरेमा जग्गाधनी स्वयम् नागरिकता प्रमाणपत्रको प्रतिलिपी साथ कार्यालयमा उपस्थित भई मन्जुरीनामा दिनु पर्नेछ ।
- बचत रकमको जमानीमा ऋण लिन चाहने सदस्यलाई आफ्नो मासिक बचतको ९० प्रतिशतसम्म तत्काल ऋण प्राप्त गर्न सकिनेछ भने संस्थाको अन्य सदस्यसमेत जमानी बस्न मञ्जुर भएमा जमानी बस्ने सदस्यको मासिक बचत रकमको ९० प्रतिशत बराबरको थप ऋण प्राप्त गर्न सकिनेछ ।

# आर्थिक वर्ष २०७९/०८० को आर्थिक विवरण तथा आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट

प्रस्तुतकर्ता : मुरलीकृष्ण खनाल, कोषाध्यक्ष



यस संस्थाको गरिमामय ३० औं वार्षिक साधारण सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिगण, सल्लाहकार, सञ्चारकर्मी तथा उपस्थित संस्थाका श्रद्धेय शेयर सदस्य महानुभावहरू, कर्मचारीहरू तथा उपस्थित यहांहरू सम्पूर्णलाई संस्थाको कोषाध्यक्षको तर्फबाट हार्दिक अभिवादन एवं स्वागत गर्न चाहन्छु ।

स्थानिय स्तरमा छरिएर रहेको स-सानो पूंजीलाई बचतको माध्यमबाट एकीकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने अभिप्रायले बि.सं. २०५१ साल फाल्गुण १ गते ३० जना व्यक्तिहरूको विशेष पहलमा यस संस्थाको स्थापना एवं शुभारम्भ गरिएको हो । संस्थाको स्थापनाको लागि यो सोच ल्याउनुहुने र शुभारम्भ गर्नुहुने संस्थापकहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी यस संस्थाले गर्दै आएको क्रियाकलापहरूप्रति आत्मविश्वासका साथ लागिपरी संस्थाको विकास क्रममा निरन्तर रूपमा संलग्न रहनुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

३० औ गरिमामय साधारण सभामा उपस्थित भई संस्थाको आर्थिक विवरण पेश गर्न पाउंदा अत्यन्तै गौरवान्वित छु । यस संस्थाको मुख्य उद्देश्य सदस्यहरूबाट नियमित बचत संकलन गरी परिचालन गर्ने, सदस्यहरूमा सहकारीताको भावना विकास गराउने, आर्थिक, सामाजिक, सांस्कृतिक कार्यक्रमहरू सञ्चालनबाट सदस्यहरूको आर्थिक उत्थान गरी आत्मनिर्भर बनाउने रहेको छ । हाम्रो संस्था समुदायमा आधारित संस्था भएकोले यसले समुदाय भित्र वित्तीय क्षेत्रको पहुंच बाहिर रहेका स्थानीय जनसमुदायमा छरिएर रहेको पूंजी संकलन गर्ने, संकलित पूंजीलाई समुदायमा नै लगानी गर्ने, आफ्ना शेयर सदस्यहरूको समृद्धि गर्ने यसको प्रमुख लक्ष्य हो । राष्ट्रिय स्तरको प्रोवेशन र एशियाली स्तरको एक्सेस कार्यक्रममा भाग लिई ब्राण्ड प्राप्त गरेका हाम्रो संस्थालाई गत वर्ष नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) ले नेपालको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरिसकेको छ । संस्थाले प्राप्त गरेको ब्राण्ड र विभिन्न पुरस्कारहरूको कारण आज संस्थाको छवि नेपाल र अन्तर्राष्ट्रिय स्तरमा नै प्रचार प्रसार हुन पुगेको छ । नेपालका विभिन्न क्षेत्रमा रहेका सहकारी संस्थाका सञ्चालक तथा सहकारी कर्मीहरूको पाठशालाको रूपमा ग्रामीण वाल्मिकी साकोस पुग्न सफल भएको छ । संस्थाले हांसिल गरेको उचाईको श्रेय हाम्रा समस्त आदरणीय शेयर सदस्य महानुभावहरूमा जान्छ । यहांहरूको सहयोग र विश्वासकै कारणबाट हामी सदस्य सेवामा हरेक दिन नयाँपन, सहजता र गुणस्तरीयता प्रदान गर्न प्रयत्नरत छौं । आज ग्रामीण वाल्मिकी साकोस नवलपरासी जिल्ला (ब.सु.प.) बासीको वित्तीय सेवाको लागि सुरक्षित गन्तव्य हो भन्ने कुरा गौरवका साथ भन्न सकिन्छ । हामीलाई विश्वास छ यहांहरूको यस्तै माया, सहयोग र भरोसा आगामी दिनहरूमा पनि रहने नै छ ।

## आर्थिक प्रतिवेदन

अब म यस गरिमामय साधारण सभामा आ.व. २०७९/०८० मा भएको वित्तीय गतिविधिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. सदस्यता : आ.व. २०७८/०७९ मा जम्मा सदस्य संख्या १०,१४२ रहेकोमा यस आ.व. २०७९/०८० मा कुल सदस्य संख्या १२,०२३ पुगेको छ । जसमा महिला सदस्य संख्या ६,८३३, पुरूष सदस्य संख्या ५,१८० र संस्थागत सदस्य संख्या १० रहेको छ ।

२. शेयर पूँजी : संस्थाको चुक्ता शेयर पूँजी २०७९ आषाढ मसान्तसम्ममा रू. ८,०९,२०,८००.०० रहेकोमा २०८० आषाढ मसान्तसम्ममा जम्मा रू. १०,५०,९७,५००.०० पुगेको छ ।

३. संस्थागत पूँजी : गत वर्ष संस्थागत पूँजीमा गणना गर्न मिल्ने कोषहरूको कुल रकम रू. ६,९०,०७,३१५.४५ रहेकोमा यस वर्ष रू. ९,२०,७१,६०४.२९ रहेको छ ।

४. बचत निक्षेप : सदस्यहरूले जम्मा गर्नुभएको कुल बचत निक्षेप २०७९ आषाढ मसान्तमा रू. ६०,५७,५०,२७४.७८ रहेकोमा यस आ.व. मा रू. १,४८,५३,६१,५३८.३५ संकलन रू. १,२४,०३,०३,६९२.१९ फिर्ता भई २०७८ आषाढ मसान्तसम्ममा कुल बचत निक्षेप रू. ८५,०८,०८,१२०.९४ पुगेको छ ।

५. बाह्य ऋण : बाह्य ऋण थप नगरिएकोले बाह्य ऋण शून्य रहेको छ ।

६. तरलता अनुपात : आ.व. २०७८/०७९ को अन्तमा संस्थाको तरलता (नगद र बैंक) रकम रू. ११,५७,०८,१८२.१९ रहेकोमा यस आ.व.को अन्तमा उक्त रकम रू. १७,९५,७५,२७०.०१ कायम भएको छ । कुल बचत निक्षेपको तुलनामा संस्थाको तरलता अनुपात २१.१० प्रतिशत रहेको छ ।

७. लगानी : संस्थाले विभिन्न संघ तथा संस्थाहरूमा आ.व. २०७८/०७९ मा रू. २,९२,८७,१३१.७० लगानी गरेकोमा यस आ.व. मा रू. १,०१,२३,६८६.६६ लगानीमा रहेको छ ।

८. ऋण लगानी : २०७९ आषाढ मसान्तमा कुल ऋण लगानी रू. ६२,९३,०७,१३९.२७ रहेकोमा आ.व. २०७९/०८० मा कुल ऋण लगानी रू. ८३,१३,९७,८८५.०० र ऋण असुली रू. ६१,२१,६२,१३४.१९ गरी आषाढ मसान्तमा कुल लगानीमा रहेको ऋण रू. ८४,८५,४२,८९०.०८ रहेको छ ।

९. भाखा नाघेको ऋण र ऋण जोखिम कोषको व्यवस्था : २०८० आषाढ मसान्तमा संस्थाको कुल ऋण लगानी रू. ८४,८५,४२,८९०.०८ मध्ये १ वर्ष भन्दा कम भाखा नाघेको ऋण रू. २,०३,१०,७०८.६८ र १ वर्ष भन्दा बढि भाखा नाघेको ऋण रू. २६,१९,८९१.०० गरी कुल भाखा नाघेको ऋण रू. २,२९,३०,५९९.६८ रहेको छ । जुन कुल ऋण लगानी रकमको अनुपातमा २.७० प्रतिशत हुन आउँछ । सहकारी ऐन, नियम बमोजिम भाखा नाघेको र असल ऋणको लागि ऋण जोखिम कोषको व्यवस्था गरि उक्त कोषमा जम्मा रू. १,८१,१६,७८१.५५ छुट्याइएको छ ।

१०. स्थिर सम्पत्ति र ह्रास कट्टी विवरण : आ.व. २०७९/०८० मा स्थिर सम्पत्तिको विवरण देहाय अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु. ) |
|---|---|---|
| १. | गत आ.व. २०७८/७९ सम्मको स्थिर सम्पत्ति | २,८२,६१,९४६.८० |
| २. | यस आ.व. मा थप भएको | १,०१,४७,३८३.४५ |
| ३. | यस आ.व. मा अपलेखन गरिएको | ० |
| ४. | जम्मा स्थिर सम्पत्ति | ३,८४,०९,३३०.२५ |
| ५. | ह्रास कट्टी | (२४,७६,६२१.९३) |
| ६. | बांकी मूल्य | ३,५९,३२,७०८.३२ |

११. आय-व्यय हिसाब : आ.व. २०७९/०८० मा कुल आम्दानी रू. ११,५२,९९,९८८.६५ र खर्च रू. ९,९१,५९,०५५.५८ भई सञ्चालन मुनाफा रू. १,६१,४०,९३३.०७ भएको छ ।

१२. राजस्वमा योगदान : यस संस्थाले आ.व. २०७९/०८० मा विभिन्न शीर्षक अन्तर्गत तपशिल अनुसार स्थानीय तह र आन्तरिक राजस्व कार्यालय परासीमा कर दाखिला गरेको छ ।

| क्र.सं. | शिर्षक | रकम (रु.) |
|---|---|---|
| १. | आयकर | ६,७९,८१७.१५ |
| २. | लाभांश कर | ३,८७,९५५.०० |
| ३. | ब्याजकर | ३५,१४,३४०.०० |
| ४. | अन्य लगानीको आयकर (संरक्षित पूंजी फिर्ता) | २,१५,०००.०० |
| ५. | घर बहाल कर | ४९,३२०.०० |
| ६. | पारिश्रमिक आयकर | २,३०,७५८.०० |
| ७. | स्रोतमा करकट्टी | १,९३,९१५.०० |
| | जम्मा | ५२,७१,१०५.१५ |

आदरणीय शेयर सदस्यज्यूहरू, अब म आ.व. २०७९/०८० को लागि गत साधारण सभाद्धारा नियुक्त गरिएको लेखापरीक्षक रामहरि एण्ड एसोसियटसका लेखापरीक्षक श्री रामहरि रौनियारद्धारा लेखापरीक्षण गरिएको लेखाको सारांश प्रस्तुत गर्ने अनुमति माग्दछु ।

## नाफा नोक्सान हिसाब

| आम्दानी | चालु वर्ष रकम ( रु.) | गत वर्ष रकम ( रु.) |
|---|---|---|
| ब्याज आम्दानी (ऋण लगानी) | १०,३०,६१,६५०.२५ | ७,३१,५०,४८५.६५ |
| ब्याज आम्दानी (बैंक ब्याज) | ६६,२०,४६३.९५ | ८९,०१,३५९.०९ |
| हर्जना प्राप्त | १५,५३,०२९.०० | ९,२४,३७३.०० |
| छुट प्राप्त (हायर पर्चेज) | ५,५००.०० | १२,५००.०० |
| ऋण लगानीमा सेवा शुल्क | २६,२७,५१०.५० | ३९,६५,५००.८३ |
| लाभांश | १०,७७,२३२.४९ | ८,९२,२६६.०३ |
| रेमिट्यान्स कमिशन | ६०,६११.२२ | ७८,२७५.८० |
| ई सेवा कमिशन | १२,८३३.०७ | ९,३१०.९९ |
| स्मार्ट बैंकिङ्ग | १,६८,१९८.८७ | १,६४,४१७.१९ |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | |
| अन्य आम्दानी | १,१२,९५९.३० | ९,७६१.३६ |
| कुल आम्दानी | ११,५२,९९,९८८.६५ | ८,८१,०८,२४९.९४ |

| खर्च | | |
|---|---|---|
| कर्मचारी खर्च | १,१९,१६,३७९.०० | ८४,३२,९८६.१० |
| प्रशासनिक खर्च | ९०,१८,९४६.०१ | ७८,७९,६५७.२० |
| ब्याज खर्च निक्षेपमा | ६,८५,०५,८४०.०० | ४,६२,३२,९२५.९९ |
| ब्याजमा छुट | ० | ० |
| ब्याज खर्च बाह्य ऋणमा | ८,८६,६६७.८७ | ११,५१,६७५.८५ |
| मूल्य ह्रासकट्टि | २४,७६,६२१.९३ | २२,८५,०६५.९८ |
| जोखिम कोषको व्यवस्था | ६३,५४,६००.७७ | १४,६१,७९३.०० |
| कुल खर्च | ९,९१,५९,०५५.५८ | ६,७४,४४,१०४.१२ |
| खुद बचत | १,६१,४०,९३३.०७ | २,०६,६४,१४५.८२ |

## वासलात

| पूँजी तथा दायित्व | रकम ( रु.) | सम्पति तथा जायजेथा | रकम ( रु.) |
|---|---|---|---|
| शेयर पूँजी | १०,५०,९७,५००.०० | नगद मौज्दात | ३१,३५२.०० |
| निक्षेप संकलन | ८५,०८,०८,१२०.९४ | बैंक/वित्तीय मौज्दात | १७,९५,४३,९१८.०१ |
| जगेडा तथा अन्य कोष | १२,१३,४९,५५१.७९ | ऋण लगानी | ८४,८५,४२,८९०.०८ |
| तिर्न बाँकी ऋण सापट | | वित्तीय लगानी | १,०१,२३,६८६.६६ |
| आयकर दायित्व | ६,७९,८१७.१५ | स्थिर सम्पत्ति | ३,५९,३२,७०८.३२ |
| अन्य दायित्व | ३८,५४,३८५.१७ | अन्य सम्पत्ति तथा पाउनुपर्ने हिसाब | ७६,१४,८१९.९८ |
| जम्मा | १,०८,१७,८९,३७५.०५ | जम्मा | १,०८,१७,८९,३७५.०५ |

आदरणीय शेयर सदस्यज्यूहरू, अब म आर्थिक अनुपात विश्लेषण गर्ने अनुमति माग्दछु । आर्थिक वर्ष २०७९/८० को कुल आम्दानी रू ११,५२,९९,९८८.६५ मा खर्चको अनुपात निम्नानुसार रहेको छ :

| विवरण | रकम रु. | यस वर्ष (%) | गत वर्ष (%) |
|---|---|---|---|
| कर्मचारी खर्च | १,१९,१६,३७९.०० | १०.३४ | ९.२२ |
| प्रशासनिक खर्च | ९०,१८,९४६.०१ | ७.८२ | ९.३० |
| ब्याज खर्च निक्षेपमा | ६,८५,०५,८४०.०० | ५९.४२ | ५२.४७ |
| ब्याजमा छुट | ० | ० | ० |
| ब्याज खर्च बाह्य ऋणमा | ८,८६,६६७.८७ | ०.७७ | १.३१ |

| | | | |
|---|---|---|---|
| मूल्य ह्रासकट्टि | २४,७६,६२१.९३ | २.१५ | २.५९ |
| जोखिम कोषको व्यवस्था | ६३,५४,६००.७७ | ५.५१ | १.६६ |
| (आयकर अघि) खुद बचत | १,६१,४०,९३३.०७ | १३.९९ | २३.४५ |
| जम्मा | ११,५२,९९,९८८.६५ | १०० | १०० |

यसरी नै आ.व. २०७९/०८० को कुल सम्पत्ति रू. १,०८,१७,८९,३७५.०५ मा पूँजी तथा दायित्वको अनुपात निम्नअनुसार छ :

| पूँजी तथा दायित्व | रकम रु. | यस वर्ष (%) | गत वर्ष (%) |
|---|---|---|---|
| शेयर पूँजी | १०,५०,९७,५००.०० | ९.७१ | ९.९९ |
| निक्षेप संकलन | ८५,०८,०८,१२०.९४ | ७८.६५ | ७४.७९ |
| जगेडा तथा अन्य कोष | १२,१३,४९,५५१.७९ | ११.२२ | ११.२३ |
| तिर्न बाँकी ऋण सापट | ० | ० | ३.२३ |
| आयकर दायित्व | ६,७९,८१७.१५ | ०.०६ | ०.११ |
| अन्य दायित्व | ३८,५४,३८५.१७ | ०.३६ | ०.६५ |
| जम्मा | १,०८,१७,८९,३७५.०५ | १०० | १०० |

यसरी नै कुल पूँजी तथा दायित्व रू. १,०८,१७,८९,३७५.०५ मा सम्पत्ति तथा जायजेथाको अनुपात निम्नानुसार रहेको छः

| सम्पति तथा जायजेथा | रकम रु. | यस वर्ष (%) | गत वर्ष (%) |
|---|---|---|---|
| नगद मौज्दात | ३१,३५२.०० | ०.०१ | ०.०१ |
| बैंक/वित्तीय मौज्दात | १७,९५,४३,९१८.०१ | १६.६० | १४.२८ |
| ऋण लगानी | ८४,८५,४२,८९०.०८ | ७८.४४ | ७७.६९ |
| वित्तीय लगानी | १,०१,२३,६८६.६६ | ०.९३ | ३.६२ |
| स्थिर सम्पत्ति | ३,५९,३२,७०८.३२ | ३.३२ | ३.४९ |
| पाउनुपर्ने हिसाब | ७६,१४,८१९.९८ | ०.७० | ०.९१ |
| जम्मा | १,०८,१७,८९,३७५.०५ | १०० | १०० |

वित्तीय संस्थाको स्वस्थतालाई मापन गर्न अन्तर्राष्ट्रिय PEARLS अनुगमन प्रणाली अनुसार हेरिन्छ । उक्त प्रणाली अनुसार यस संस्थाको वर्तमान आर्थिक सूचकाङ्कको अवस्था निम्नानुसारको छ ।

| P-E-A-R-L-S RATIO (पर्ल्स अनुपात) | | | Goals लक्ष्य | अवस्था (%) |
|---|---|---|---|---|
| **PROTECTION** (ऋण सुरक्षण व्यवस्था ) | | | | |
| **P** | P1 | १२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि ब्यवस्था | १००% | १००% |
| | P2 | १२ महिना भन्दा कम भाखा नाघेको ऋणको लागि ब्यवस्था | ३५% | ३५% |
| **EFFECTIVE FINANCIAL STRUCTURE** (प्रभावकारी वितीय संरचना) | | | | |
| **E** | E1 | लगानीमा रहेको खुद ऋण / कुल सम्पत्ति | ७० देखि ८०% | ७७.५६% |
| | E5 | बचत निक्षेप / कुल सम्पत्ति | ७० देखि ८०% | ७८.६५% |
| | E6 | वाह्य ऋण / कुल सम्पत्ति | बढिमा ५% | ० |
| | E7 | सदस्यको शेयर पूँजी / कुल सम्पत्ति | १० देखि २०% | ९.७१% |
| | E9 | सँस्थागत पूँजी/कुल सम्पत्ति | कम्तीमा १०% | ८.५१% |
| | | **ASSETS QUALITY**(सम्पतिको गुणस्तर) | | |
| **A** | A1 | भाखा नाघेको ऋण/कुल लगानीमा रहेको ऋण | ५ % भन्दा कम | २.७% |
| | A2 | आय आर्जन नगर्ने सम्पत्ति /कुल सम्पत्ति | ५ % भन्दा कम | ४.०२% |
| | A3 | खुद लागत रहित कोष/आय आर्जन नगर्ने सम्पत्ति | २००% वा सो भन्दा बढि | ४६१.२९% |
| **RATES OF RETURN AND COSTS** (लगानीको प्रतिफल तथा लागत) | | | | |
| **R** | R1 | कुल ब्याज आम्दानी / औसत ऋण लगानी | ब्याज दर | १३.९५% |
| | R5 | बचतमा ब्याज खर्च / औसत बचत निक्षेप | बजार दर | ९.४०% |
| | R6 | बाह्य ऋणमा ब्याज खर्च / औसत बाह्य ऋण | बजार दर | ६.७७% |
| | R7 | शेयर लाभांश रकम / औसत शेयर पूँजी | बढिमा १८% | ७% |
| | R9 | संचालन खर्च / औसत सम्पत्ति | ५% भन्दा कम | २.४७% |
| | R12 | खुद आय / औसत सम्पत्ति | कम्तिमा १०% | १.७०% |
| **LIQUIDITY** (तरलता) | | | | |
| **L** | L1 | तरल सम्पत्ति / कुल बचत निक्षेप | न्यूनतम १५% | २१.१०% |
| | L3 | आर्जन नगर्ने तरल सम्पत्ति / कुल सम्पत्ति | बढिमा १% | ०.०१% |
| **SIGNS OF GROWTH** (वृद्धीको संकेत ) | | | | |
| **S** | S10 | सदस्यता बृद्धि | कम्तिमा १२ प्रतिशत | १८.५५% |
| | S11 | कुल सम्पत्तिमा बृद्धि | कम्तिमा मुद्रास्फ्रितीको दर | ३३.५६% |

# आर्थिक वर्ष २०८०/०८१ का लागि प्रस्तावित वित्तीय लक्ष्य तथा बजेट

## आम्दानी

आम्दानीतर्फ यस आ.व. को अन्तसम्म रू. १५ करोड ८९ लाख पुग्नेछ ।

## खर्च

यस आर्थिक वर्षको अन्तसम्ममा खर्चलाई रू. ११ करोड ८६ लाखमा सीमित गर्ने लक्ष्य राखिएको छ ।

## शेयर पूँजी

यस आ.व. को अन्तसम्ममा शेयर पूँजीतर्फ रू. १३ करोड ८३ लाख ७५ हजारसम्म पुर्‍याउने लक्ष्य राखिएको छ ।

## बचत सङ्कलन

आ.व. २०७९/०८० को अन्तसम्ममा बचत रू. ८५,०८,०८,१२०.९४ रहेकोमा यस आ.व. मा रू. १७,१८,१६,८७९.०६ बचत सङ्कलन गरी यस आर्थिक वर्षको अन्तसम्ममा रू. १,०२,२६,२५,०००.०० पुर्‍याउने लक्ष्य राखिएको छ ।

## बाह्य ऋण

संस्थाले ऋण मागको चापलाई दृष्टिगत गरी अन्य वित्तीय निकायहरूसँग आवश्यक समन्वयका साथ बाह्य ऋणको व्यवस्थापन गरिनेछ ।

## ऋण लगानी

आ.व. २०७६/०७७ को अन्तसम्ममा ऋण लगानी रू. ८४,८५,४२,८९०|०८ रहेकोमा यस आ.व. मा रू. २१,७९,५७,१०९.९२ ले ऋण लगानीमा वृद्धि गरि चालु आर्थिक वर्षको अन्तमा ऋण लगानी बांकी रू. १,०६,६५,००,०००.०० रहने अनुमान गरिएको छ ।

आ.व. २०७९|०८० को अनुमानित, वास्तविक र आ.व. २०८०|०८१ को लागि प्रस्तावित आम्दानी खर्चको विवरणः

## १. आम्दानी विवरण

| शीर्षकहरु | प्रस्तावित (रु.) | वास्तविक (रु.) | प्रस्तावित (रु.) |
|---|---|---|---|
| | आ.व. २०७९।०८० | ०८० आषाढ मसान्त | आ.व. २०८०।०८१ |
| वित्तीय आम्दानी | | | |
| क) ऋणबाट प्राप्त आम्दानी | | | |
| ऋण लगानीबाट ब्याज आम्दानी | १२०,०००,०००.०० | १०३,०६१,६५०.२५ | १३५००००००.०० |
| हर्जना तथा जरिवाना | १,०००,०००.०० | १,५५३,०२९.०० | १५००००० |
| जम्मा | १२१,०००,०००.०० | १०४,६१४,६७९.२५ | १३६५०००००.०० |
| तरल लगानीबाट प्राप्त आम्दानी | ५,०००,०००.०० | ६,६०७,८६२.९५ | ११२०००००.०० |
| वित्तीय लगानीबाट प्राप्त आम्दानी | ३,०००,०००.०० | १,०८९,८३३.४९ | ३५०००००.०० |
| जम्मा | ८,०००,०००.०० | ७,६९७,६९६.४४ | १४७०००००.०० |

| | | | |
|---|---|---|---|
| वित्तीय आम्दानी जम्मा | १२९,०००,०००.०० | ११२,३१२,३७५.६९ | १५१२०००००.०० |
| ख) गैर वित्तीय आम्दानी | | | |
| प्रवेश शुल्क | २००,०००.०० | ८५,९०६.०० | ३००,०००.०० |
| ऋण व्यवस्थापन शुल्क | ५,०००,०००.०० | २,६२७,५१०.५० | ५,०००,०००.०० |
| विप्रेषण सेवाबाट आम्दानी | १५०,०००.०० | ६०,६११.२२ | १५०,०००.०० |
| मोबाईल बैंकिङ | २५०,०००.०० | १६८,१९८.८७ | २५०,०००.०० |
| अन्य आम्दानी | १,५००,०००.०० | ४५,३८६.३७ | २,०००,०००.०० |
| जम्मा गैर वित्तीय आम्दानी | ७,१००,०००.०० | २,९८७,६१२.९६ | ७,७००,०००.०० |
| कुल आम्दानी | १३६,१००,०००.०० | ११५,२९९,९८८.६५ | ५८,९००,०००.०० |

## २. खर्च विवरण

| शीर्षकहरु | प्रस्तावित (रु.) | वास्तविक (रु.) | प्रस्तावित (रु.) |
|---|---|---|---|
| | आ.व.२०७९।०८० | ०८० आषाढ मसान्त | आ.व. २०८०।०८१ |
| **(क) प्रशासनिक खर्च** | | | |
| साधारण सभा खर्च | ३,३००,०००.०० | २,८७६,०७८.६३ | ३,०००,०००.०० |
| घरभाडा | ६४०,०००.०० | ५८८,०००.०० | ७००,०००.०० |
| नविकरण खर्च | २१०,०००.०० | १३५,३३७.०० | २५०,०००.०० |
| मसलन्द स्टेशनरी | ५००,०००.०० | १६५,०३१.८८ | ६००,०००.०० |
| छपाई प्रकाशन | ७००,०००.०० | ५६५,११०.३५ | १,०००,०००.०० |
| कार्यालय उपयोगिता (टेलिफोन, विधुत तथा खानेपानी) | ४५०,०००.०० | ३३९,७३५.२५ | ५००,०००.०० |
| इन्टरनेट | १००,०००.०० | ३०,५८४.०० | १००,०००.०० |
| सफ्टवेयर र नेटवर्किंग | १,०००,०००.०० | ७५६,५७२.०० | १,०००,०००.०० |
| एस एम एस तथा मोवाईल एप्स | २००,०००.०० | १४९,९९९.०० | २००,०००.०० |
| पुरस्कार तथा सम्मान | ५०,०००.०० | - | ५०,०००.०० |
| यातायात तथा भ्रमण | ३००,०००.०० | २०६,८००.०० | ४००,०००.०० |
| ईन्धन | ४००,०००.०० | २४१,५१४.०० | २००,०००.०० |
| बैठक भत्ता | ३५०,०००.०० | ३१९,०००.०० | ४००,०००.०० |
| बिमा | २५०,०००.०० | ३१,०१७.६७ | ३००,०००.०० |
| आन्तरिक लेखा परीक्षण | २००,०००.०० | १००,०००.०० | २००,०००.०० |
| बाह्य लेखा परीक्षण | १२५,०००.०० | २२५,०००.०० | १५०,०००.०० |
| एनएफआरएस प्रणाली | ५००,०००.०० | - | ७००,०००.०० |
| अतिथि सत्कार | ३५०,०००.०० | २२०,४३५.०० | २००,०००.०० |

| | | | |
|---|---|---|---|
| नखप्ने सामान खरिद | १००,०००.०० | ८७,४७९.०० | १००,०००.०० |
| पत्र पत्रिका तथा सूचना | २५०,०००.०० | १९४,३९०.७२ | २००,०००.०० |
| मर्मत सम्भार | २००,०००.०० | १७५,१८३.०० | २००,०००.०० |
| कार्यालय सजावट | २००,०००.०० | १२८,०००.०० | २००,०००.०० |
| कार्यालय सरसफाई | ३००,०००.०० | २२८,०७७.०० | ३००,०००.०० |
| ढुवानी तथा ज्याला | ५०,०००.०० | ५९,२९३.०० | १००,०००.०० |
| प्रकोप, महामारी व्यवस्थापन खर्च | १००,०००.०० | - | १००,०००.०० |
| एकीकरण खर्च | २००,०००.०० | १३३,३७०.०० | १००,०००.०० |
| चियानास्ता मसलन्द | ५०,०००.०० | ४६,७७०.०० | ७५,००० |
| बैंक शुल्क | | ४,१०२.९४ | २५,००० |
| **विविध खर्च** | २००,०००.०० | ९६,९९७.४७ | १००,०००.०० |
| **ह्रास खर्च** | २,७००,०००.०० | २,४७६,६२१.९३ | ३,०००,०००.०० |
| **जम्मा प्रशासनिक खर्च** | **१३,९७५,०००.००** | **१०,५८०,४९९.८४** | **१४,४५०,०००.००** |
| **(ख) कर्मचारी खर्च** | | | |
| तलब भत्ता | १०,०००,०००.०० | ८,८४०,३५०.०० | १०,०००,०००.०० |
| सामाजिक सुरक्षा कोष | १,५६०,०००.०० | १,५५१,०९६.०० | १९,००,०००.०० |
| चाडपर्व खर्च | ६६०,०००.०० | ६५४,७७४.०० | ९००,०००.०० |
| सञ्चित बिदा भुक्तानी | ७००,०००.०० | ५९८,२०९.०० | ७००,०००.०० |
| पोशाक | ३००,०००.०० | २७१,९५०.०० | ५००,०००.०० |
| **जम्मा कर्मचारी खर्च** | **१३,२२०,०००.००** | **११,९१६,३७९.००** | **१४,०००,०००.००** |
| **(ग) कार्यक्रम खर्च** | | | |
| तालिम तथा शिक्षा | ५००,०००.०० | ४३५,५४५.४० | १,०००,०००.०० |
| योजना निर्माण एवं समिक्षा | ५०,०००.०० | २४,७८४.०० | ५०,०००.०० |
| वृत्तचित्र | ५०,०००.०० | – | ५०,०००.०० |
| सहकारी दिवस | १०,०००.०० | – | २५,०००.०० |
| स्थापना दिवस | ५०,०००.०० | – | ५०,०००.०० |
| पाल्म वर्कशप (एक्सेस) | १००,०००.०० | १४५,१२८.०० | १००,०००.०० |
| सहकारी शिक्षा शिविर/वित्तीय साक्षरता | - | - | १७५,०००.०० |
| प्रवर्द्धनात्मक कार्यक्रम | २४०,०००.०० | ३०९,६१०.७० | ५००,०००.०० |
| **जम्मा कार्यक्रमिक खर्च** | **१,०००,०००.००** | **९१५,०६८.१०** | **१,९५०,०००.००** |
| **(घ) वित्तीय खर्च** | | | |
| बचतमा ब्याज | ७५,०००,०००.०० | ६८,५०५,८४०.०० | ८४,०००,०००.०० |
| बाह्य ऋणमा ब्याज | ९००,०००.०० | ८८६,६६७.८७ | १,०००,०००.०० |

| | | | |
|---|---|---|---|
| बाह्य ऋणमा सेवा शुल्क | १००,०००.०० | - | २००,०००.०० |
| ब्याजमा छुट | - | - | - |
| जम्मा वितीय खर्च | ७६,०००,०००.०० | ६९,३९२,५०७.८७ | ८५,२००,०००.०० |
| (ङ) सुरक्षण खर्च | १,५००,०००.०० | ६,३५४,६००.७७ | ३,०००,०००.०० |
| (च) ऋण अपलेखन खर्च | - | - | - |
| कुल खर्च | १०५,६९५,०००.०० | ९९,१५९,०५५.५८ | ११८,६००,०००.०० |

### ३. नाफा नोक्सान हिसाब

| | | | |
|---|---|---|---|
| कुल आम्दानी | १३६,१००,०००.०० | ११५,२९९,९८८.६५ | १५८,९००,०००.०० |
| कुल खर्च | १०५,६९५,०००.०० | ९९,१५९,०५५.५८ | ११८,६००,०००.०० |
| खुद नाफा नोक्सान | ३०,४०५,०००.०० | १६,१४०,९३३.०७ | ४०,३००,०००.०० |

यस अवधिमा अनुमानित आम्दानी/खर्च र वास्तविक आम्दानी/खर्चको विश्लेषण गर्दा आम्दानीतर्फ अनुमान गरेकोमा करिब ८४.७१ प्रतिशतले लक्ष्य हासिल भएको छ भने खर्चतर्फ ६.१८ प्रतिशतले कमि रहेको छ । त्यसैगरी खुद बचत तर्फ अनुमानितमा ५३.०८ प्रतिशतले उपलब्धी हासिल भएको जानकारी गराउन चाहन्छु ।

## पूँजीगत खर्च

| शीर्षक | प्रस्तावित (रु.) आ.व.२०७९/०८० | वास्तविक ( रु.) आ.व.२०७९/०८० | प्रस्तावित (रु.) आ.व.२०८०/०८१ |
|---|---|---|---|
| फर्निचर तथा कार्यालय उपकरण | १५,००,०००.०० | २४,७५,९४२.८३ | १५,००,०००.०० |
| सेफ/भल्ट | ३,००,०००.०० | ० | ५,००,०००.०० |
| जग्गा/भवन | १०,००,०००.०० | ७४,६१,५६६.१८ | १०,००,०००.०० |
| सवारी साधन | ० | ० | ० |
| सफ्टवेयर | ५,००,०००.०० | ८४,७५०.०० | १०,००,०००.०० |
| अन्य | ५,००,०००.०० | १,२५,१२४.४४ | ५,००,०००.०० |
| जम्मा | ३८,००,०००.०० | १,०१,४७,३८३.४५ | ४५,००,०००.०० |

# २०८० आषाढ मसान्तको अनुमानित, वास्तविक र २०८१ आषाढ मसान्तसम्मको लागि प्रस्तावित वासलातको विवरण

## पूँजी तथा दायित्वतर्फ

| विवरण | प्रस्तावित आ.व. ०७९/०८० | वास्तविक आ.व. ०७९/०८० | प्रस्तावित आ.व. ०८०/०८१ |
|---|---|---|---|
| शेयर | १०५,०००,०००.०० | १०५,०९७,५००.०० | १३८,३७५,०००.०० |
| जगेडा कोष | ९४,०००,०००.०० | ९०,८९८,७५२.४३ | १२४,८७५,०००.०० |
| ऋण सुरक्षण कोष | १४,०००,०००.०० | १८,११६,७८१.५५ | १८,९००,०००.०० |
| अन्य कोष | १६,४४०,०००.०० | १२,३३४,०१७.८१ | २१,६००,०००.०० |
| बचत निक्षेप | ७६३,०२३,०००.०० | ८५०,८०८,१२०.९४ | १,०२२,६२५,०००.०० |
| बाह्य ऋण | ४०,०००,०००.०० | ० | २०,२५०,०००.०० |
| भुक्तानी दिनुपर्ने तथा अन्य दायित्व | २,५३७,०००.०० | ४,५३४,२०२.३२ | ३,३७५,०००.०० |
| जम्मा | **१,०३५,०००,०००.००** | **१,०८१,७८९,३७५.०५** | **१,३५०,०००,०००.००** |

## सम्पति तथा जायजेथा तर्फ

| विवरण | प्रस्तावित आ.व. ०७८/०७९ | वास्तविक आ.व. ०७९/०८० | प्रस्तावित आ.व. ०८०/०८१ |
|---|---|---|---|
| नगद | ५,१७५,०००.०० | ३१,३५२.०० | १,३५०,०००.०० |
| बैंक | १३९,७२५,०००.०० | १७९,५४३,९१८.०१ | १९४,४००,०००.०० |
| आर्थिक लगानी | ३१,०५०,०००.०० | १०,१२३,६८६.६६ | २७,०००,०००.०० |
| ऋण लगानी | ८१७,६५०,०००.०० | ८४८,५४२,८९०.०८ | १,०६६,५००,०००.०० |
| स्थिर सम्पत्ति | ३१,०५०,०००.०० | ३५,९३२,७०८.३२ | ४७,२५०,०००.०० |
| अन्य सम्पत्ति | १०,३५०,०००.०० | ७,६१४,८१९.९८ | १३,५००,०००.०० |
| जम्मा | **१,०३५,०००,०००.००** | **१,०८१,७८९,३७५.०५** | **१,३५०,०००,०००.००** |

यसरी नै आ.व. २०७९/०८० को अन्तसम्ममा यस संस्थाको कूल सम्पत्ति रू. १,०३,५०,००,०००.०० पुग्ने अनुमान गरिएकोमा अनुमानित रकममा १०४.५२ प्रतिशतले उपलब्धी हासिल भई रू. १,०८,१७,८९,३७५.०५ पुगेको छ । यो रकम गत आ.व. को सुरूको सम्पत्तिमा ३३.५६ प्रतिशतले वृद्धि भएको छ भने प्रस्तावित कुल सम्पत्तिमा करिब २४.७९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ ।

## कारोबारलाई असर पार्ने मुख्य कुराहरु

- कोभिड १९ एवं महामारीका कारण पर्न सक्ने असर,
- देशको राजनैतिक वातावरण र त्यसले असर पुऱ्याउने आर्थिक कारोवारको अवस्था,
- विगत केही समयदेखि वित्तीय क्षेत्रमा देखिएको तरलताको उतार-चढावका कारण मुलुकको आर्थिक सामाजिक क्रियाकलापमा पर्न सक्ने असरहरू,
- वित्तीय क्षेत्रमा देखिएको तरलताको उतार-चढावका कारण बचत तथा ऋण लगानीको ब्याजदरमा अस्वस्थ प्रतिस्पर्धाबाट पर्न सक्ने असरहरू,
- घरजग्गा तथा पूँजी बजारमा देखिएको मन्दीको कारण पर्न सक्ने असरहरू,
- केन्द्रिय बैंक तथा सहकारी विभागले बैंक तथा वित्तीय संस्थासम्बन्धी नीति तथा निर्देशनमा परिवर्तन गर्दा पर्न सक्ने असरहरू,
- संस्थाबाट प्रदान गरेको ऋणहरू समयमा भुक्तानी नहुँदा पर्न सक्ने असरहरू,
- बजारमा हाल सञ्चालित तथा नयाँ प्रवेश हुने वित्तीय संस्थाहरू र यिनीहरूबाट हुने प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरू,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हुने शिथिलता एवं मन्दीका कारण हुन सक्ने असरहरू ।

यी कारणहरूबाट संस्थालाई पर्न सक्ने जोखिम तथा वित्तीय उपलब्धी प्राप्तिका लागि संस्थाबाट आवश्यक सम्भावित नोक्सानीको व्यवस्था गर्नका साथै सुरक्षित लगानीका विभिन्न अवसरहरूको पहिचान गर्न र सम्भावित हानि-नोक्सानी हुन नदिन तथा जोखिम न्यून गर्न सजग रहने प्रतिवद्धता व्यक्त गर्दछौँ ।

आदरणीय शेयर सदस्यज्यूहरू, प्रस्तुत गरिएको वित्तीय विवरणलाई सारभूत रूपमा यथार्थताको नजिक ल्याउनको लागि तपाईँ सम्पूर्ण शेयर सदस्यज्यूहरूको अतुलनीय योगदान रहने कुरा अनुरोध गर्न चाहन्छु । तपाईँहरूको धेरैभन्दा धेरै यस संस्थासँग अर्थपूर्ण वित्तीय सहयात्रा भएमा मात्र यी आँकडाहरूको उपलब्धी हामी सामु आउने कुरामा दुई मत नहुन सक्छ तसर्थ प्रस्तुत गरिएको वित्तीय विवरण र मेरो अपेक्षा भनेको तपाईँ सबैको संस्थामा अर्थपूर्ण सहभागीता हो भन्ने मलाई लागेको छ ।

अन्त्यमा,

यस ग्रामीण वाल्मिकी साकोस लाई आजको अवस्थासम्म ल्याइ पुऱ्याउन श्रम पसिना सिञ्चित गर्नुहुने पूर्व संचालक समिति पदाधिकारी एवं सदस्यज्यूहरू, संस्थाको दिगो विकासका लागि महत्वपूर्ण भूमिका खेल्नुहुने सल्लाहकारज्यूहरू, संस्थाको वित्त व्यवस्थापनमा चुस्त दुरूस्त रहन मार्गनिर्देश गर्ने साथै आन्तरिक लेखापरिक्षणको भूमिका निर्वाह गर्ने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू, संस्थामा अहोरात्र खटिने मेहनती कर्मचारी मित्रहरू उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरू सबैमा विशेष धन्यवाद दिदै आजको यस कार्यक्रमका प्रमुख अतिथी, अतिथीज्यूहरूमा पुनः आभार प्रकट गर्दै संस्थाको आर्थिक प्रतिवेदन यहिँ समाप्त गर्न चाहन्छु ।

धन्यवाद ! जय सहकारी !

कोषाध्यक्ष
**मुरलीकृष्ण खनाल**

# आ.व. २०७९/०८० सालको लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन

प्रस्तुतकर्ता : वोध प्रसाद पाण्डे, संयोजक



यस ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को ३० औं साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरू, विभिन्न संघ संस्था कार्यालयबाट पाल्नुभएका अतिथिज्यूहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समिति, उप-समिति, शेयर सदस्यज्यूहरू, कर्मचारी मित्रहरू एवम् उपस्थित सम्पूर्ण आमन्त्रित महानुभावज्यूहरूमा हार्दिक सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।

आदरणीय उपस्थित महानुभावहरू,

प्रथमत आज यस ग्रामीण वाल्मिकी साकोसको ३० औं साधारण सभा सम्पन्न गर्न लागेको सुखद क्षणमा यस हलबाटै यहांहरूले हामी प्रति सुम्पेको जिम्मेवारी बहन गर्ने अवसर पाएका थियौं सोही अनुरूप हामी यस संस्थाको वित्तीय पक्ष यस संस्थाले गरेका समग्र आर्थिक कारोवारहरू सुक्ष्म रूपमा अध्ययन गरेका छौं । यस संस्थाले सहकारीका सिद्धान्त, मूल्य र मान्यताका आधारमा संस्थामा आवद्ध सदस्यहरूको आर्थिक एवं सामाजिक विकास, संस्थाको हित र प्रगतिको लागि वित्तीय कारोवारमा पारदर्शीता ल्याई संस्थालाई सबल, सक्षम र सुदृढ बनाउन साधारण सभाबाट सुम्पिएको जिम्मेवारीलाई निष्ठापूर्वक सम्पन्न गरेको व्यहोरा सम्मानित हल समक्ष अनुरोध गर्दछौं ।

यस समितिलाई प्राप्त जिम्मेवारी सहकारी ऐन, नियमावली एवं संस्थाको विनियममा उल्लेख भए अनुसार र पछिल्लो समयमा सहकारी विभागद्धारा जारी मापदण्डमा तोकिएबमोजिम हामीले समय-समयमा नियमित तथा आवश्यकता अनुसार वित्तीय अभिलेख परीक्षण, नीति-नियमको कार्यान्वयन अनुगमन, नगदको भौतिक परीक्षण, सञ्चालक समितिका निर्णय र प्रभाव, वार्षिक कार्यक्रमको उपलब्धी, सम्पत्तिको गुणस्तर र संरक्षण, पर्ल्सको अनुसरण, ऋण फाईलको अध्ययन जस्ता अति सरोकार क्षेत्रको अध्ययन गरी कार्यसम्पादनको चरणमा तत्काल सुझाव तथा सल्लाह दिंदै आएका छौं ।

यस अवधिको समग्र संस्थाको अध्ययन र विश्लेषणका आधारमा लुम्बिनी प्रदेश सहकारी ऐनको परिच्छेद ६ दफा ४५ सँग सम्बन्धित रहेर यस प्रकारको प्रतिवेदन यस गरिमामय साधारण सभामा प्रस्तुत गरेका छौं ।

## अघिल्लो साधारण सभाका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा

१. आर्थिक वर्षको सुरूवात श्रावणदेखि साधारण सभासम्मको खर्च पेश्की बजेटमार्फत् गरी साधारण सभाबाट स्वीकृत गर्ने प्रक्रियालाई निरन्तरता दिइएको ।

२. सञ्चालक समितिले अघिल्लो साधारण सभाले दिएको अधिकार प्रयोग गरी नियामक निकाय सहकारी विभागद्वारा जारी गरिएको सन्दर्भ ब्याजदर संस्थाको बचत नीति तथा ऋण व्यवस्थापन नीति र बजारको अवस्थालाई मध्यनजर गर्दै ३ पटक ब्याजदर परिमार्जन गरिएको छ ।

## आर्थिक वर्ष २०७९/८० मा बसेको बैठक सङ्‌ख्या तथा निर्णय कार्यान्वयन सम्बन्धमा :

१. ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०७९ साल असोज २५ गतेदेखि ३० गतेसम्म आयोजना गरिएको २९ औँ वार्षिक साधारण सभा, २०७९ फाल्गुण १ गते विशेष साधारण सभा र २०८० साल बैशाख ६ गते ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट-७ जिमिरेभार र वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. प्रतापपुर-२ गोपिगंज बीच संस्था एकीकरणको लागि संयुक्त साधारणसभा नियमपूर्वक सम्पन्न भएको र साधारणसभाहरूबाट पारित भएका निर्णयहरू यस अवधिसम्म आइपुग्दा प्रायः कार्यान्वयन भएको देखिन्छ ।

२. यस आर्थिक वर्षमा सञ्चालक समितिको बैठक १७ पटक र लेखा सुपरिवेक्षण समितिको बैठक ५ पटक बसेको छ । बैठक सञ्चालक समितिको बैठक सञ्चालन कार्यविधि अनुसार बसी संस्थामा रहेका मौजुदा नीति, नियम, कार्यविधि तथा कार्ययोजना अनुसार नै निर्णय एवम् कार्यान्वयन गर्ने गरेको पाइयो । साथै अन्य विभिन्न विषयगत उप-समितिहरूको बैठक पनि कार्यविधि अनुसार बस्ने गरेको पाइयो ।

## बचत परिचालन, ऋण लगानी प्रक्रिया, ऋणबापतको सुरक्षण वा धितो सम्बन्धमा

१. संस्थाको विस्तार हुँदै गएको कारोवार र ऋण लगानीको क्षेत्रलाई अझ बढि सुरक्षित एवं प्रभावकारी बनाउन सञ्चालक समितिले महसुस गरी मौजुदा ऋण नीतिमा समयसापेक्ष संशोधन गरिएको र ऋण व्यवस्थापन नीति संशोधन गरी कार्यान्वयनमा ल्याएको, ऋण लगानी कार्यविधी कार्यान्वयनमा ल्याएको र ऋणीको ५ सि (5C) को मूल्याङ्कन गरी ऋण लगानी गरेको देखिन्छ ।

२. संस्थाले रू. १०,००,०००/- भन्दा माथिको ऋण लगानी गर्दा बाह्य परामर्शदाता इन्जिनियरबाट घरजग्गाको आधिकारिक मूल्याङ्कन गराई सोही मूल्याङ्कनको आधारमा ऋण लगानी गर्ने सुरक्षित उपायलाई निरन्तर अवलम्बन गरेको देखिन्छ ।

३. सहकारी विभागबाट समय-समयमा जारी गरिएका निर्देशन तथा मापदण्ड अनुसार संस्थाले आफ्ना गतिविधीहरू सञ्चालन गरेको देखिन्छ ।

४. संस्थाको ऋण नीतिअनुसार बिना धितो सदस्य तथा समूह जमानीमा एवं लघु व्यवसाय गर्न व्यवसायको वैधानिक कागजातको आधारमा रू. २ लाखसम्म ऋण प्रदान गर्ने नीतिको अवलम्बनबाट सदस्यहरूको पहुँच वृद्धि भएको पाइयो ।

५. रु २ लाखसम्मको ऋण सुरक्षण धितोलाई ठाडो रोक्का र सोभन्दा माथिको धितो सुरक्षण ऋणमा सबै धितोलाई दृष्टिबन्धक रोक्का गर्ने गरेको पाइयो ।

६. ऋण लगानीका नमुना फाइलहरु अध्ययन गर्दा ऋण लगानी प्रक्रिया, आवश्यक कागजात, ऋण सुरक्षण धितोको अवस्था, आम्दानीका प्रारम्भिक तथा दिगो स्रोतहरु र बजार मूल्याङ्कन आदिको आधारमा ऋण स्वीकृत गरी लगानी गर्ने गरेको पाइयो ।

७. ऋण लगानी प्रक्रिया संस्थाको व्यवस्थापनका साथै समितिको तर्फबाट छिटो छरितो र सर्वसुलभ तरिकाले गर्ने गरेको पाइयो ।

८. ऋण असुलीको अवस्था राम्रो देखिन्छ, कुल भाखा नाघेको ऋण २.७५ प्रतिशत छ । मापनको हिसाबले आर्थिक वर्षको अन्त्यमा देखिएको असुलीको अवस्था अनुसार ऋणमा जोखिम कम देखिन्छ ।

## गैर-वित्तीय कार्यक्रम सम्बन्धमा :

संस्थाले सञ्चालन गरेका गैर-वित्तीय सेवाहरु सुत्केरी भेटघाट कार्यक्रम, सदस्य मृत्यु राहत कोषको व्यवस्था, सदस्य सर्वेक्षण कार्यक्रम, उत्कृष्ट सदस्यलाई पुरस्कृत कार्यक्रम, रक्तदान जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा निरन्तर सञ्चालनमा छन् । यो कार्यक्रमबाट संस्थाको सामाजिक उत्तरदायित्व वहन तथा सदस्यहरूसँगको भावनात्मक सम्बन्ध विकास र विस्तार तथा संस्थाको ख्यातिमा समेत वृद्धि भएको छ ।

## सूचना, प्रविधि र सुरक्षा सम्बन्धमा :

१. संस्थामा FAO-GTZ माईक्रोबैंकर नामक सफ्टवेयर प्रयोग गरिएको छ । CORE BANKING SYSTEM को लागि भरपर्दो र आवश्यकता अनुसारको वित्तीय विवरणहरु प्रदान गर्ने सफ्टवेयर हो भन्ने लागेको छ । दैनिक रुपमा डाटा ब्याकअप गर्ने गरिएको छ । नेटवर्क सुरक्षाका लागि फायरवेल प्रणाली छ । आवश्यकता अनुसार कर्मचारीहरूलाई OPERATIONAL ID प्रदान गरिएको छ ADMINISTRATIVE ID उच्च व्यवस्थापनसँग रहेको छ । पावर ब्याकअपको लागि युपीएस र जेनेरेटरको व्यवस्था गरिएको छ ।

२. संस्थाको केन्द्रिय कार्यालय तथा सबै सेवा केन्द्रमा आवश्यकता अनुसार सुरक्षा गार्ड तथा सी.सी. क्यामेराको व्यवस्था गरिएको छ ।

३. संस्थाका महत्वपूर्ण कागजातहरु, माइन्युट निर्णय, ऋण तमसुक लगायत वित्तीय विवरणहरूको इलेक्ट्रोनिक कपिमार्फत् सुरक्षित राख्ने कार्यको थालनी गरिएको छ ।

४. संस्थाले सञ्चालन गरेको मोबाइल बैंकिङ्ग एप्स सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ ।

५. QR भुक्तानी र QR Withdraw प्रणाली निकै सरल, सहज तथा सुरक्षित रहेको देखिन्छ ।

६. संस्थागत जानकारी तथा कार्यक्रमहरूलाई सामाजिक सञ्जाल, वेबसाइट तथा एस.एम.एस. मार्फत् जानकारी गराउने गरिएको छ ।

७. मोबाइल बैंकिङ्ग एप्स र एस.एम.एस. प्रयोगकर्ता सदस्यहरूको सङ्ख्यामा वृद्धि भई प्रविधियुक्त सेवामा सदस्यको सहज पहुँचमा विस्तार हुंदै गएको देखिन्छ ।

## व्यवस्थापन तथा प्रशासन सम्बन्धमा

१. मानव संसाधन व्यवस्थापन नीतिलाई अद्यावधिक गर्दै पूर्ण रुपमा प्रयोगमा ल्याइएको छ ।

२. वार्षिक रुपमा कर्मचारीहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने परिपाटीलाई नियमित गरिएको छ ।

३. संस्थाको नीतिअनुसार नै कर्मचारीको भर्ना प्रक्रिया पारदर्शी एवम् प्रतिस्पर्धी रुपमा गर्ने गरिएको छ र संस्थाले कार्यक्रमको प्रकृति एवम् कार्यबोझको आधारमा यस वर्ष कर्मचारीहरु थप गरेको देखिन्छ ।

४. कर्मचारी नियुक्ति गर्दा नीतिमा उल्लेख भए अनुसार नियमित, कार्यगत, समयगत आकस्मिक र आशिंक रोजगारीको व्यवस्था अपनाउने गरिएको र कार्यसम्पादन मूल्याङ्कनको आधारमा बढुवा तथा पुरस्कारको व्यवस्था गरिएको छ ।

५. संस्थालाई नेफ्स्कूनले नेपालको सर्वोत्कृष्ट साकोसको रूपमा पुरस्कृत गरेको र संस्था उत्कृष्ट भएर हालसम्म प्राप्त गरेको ACCESS BRAND, PROBATION BRAND, राष्ट्रिय सहकारी सङ्घबाट क्षेत्रिय पुरस्कार, नेफ्स्कूनबाट प्रदेश नं. ५ को उत्कृष्ट सहकारी पुरस्कार, राष्ट्रिय सहकारी बैंकले प्रदेश नं. ५ को उत्कृष्ट सहकारी र लुम्बिनी प्रदेश उत्कृष्ट व्यवस्थापक पुरस्कार नेफ्स्कूनबाट प्राप्त भएको कारणले संस्थाको ख्याति अत्यन्त उच्च रहेको छ ।

६. सहकारी एकीकरणको प्रभाव समुदायमा राम्रो देखिएको छ एकीकरणमार्फत् बढ्दै गएको क्षेत्र विस्तार र सदस्य

वृद्धि संस्थाको लागि सबल पक्ष रहेको छ भने यसले समुदायमा विश्वास पनि उत्तिकै बढेको छ । व्यवस्थापन गर्न सक्ने गरी संस्था एकीकरणको योजना गरेको देखिन्छ ।

७. संस्था सामाजिक सुरक्षा कोषमा आवद्ध भई योगदान गरिरहेको छ । व्यवस्थापनलाई उत्प्रेरित गर्न बोनस, स्वास्थ्य बिमा आदिले प्रोत्साहन प्रदान गरेको देखिन्छ ।

## वितीय उपलब्धी विवरण

| | | |
|---|---|---|
| कुल सदस्य सङ्ख्या | : | १२,०२३ जना |
| कुल ऋणी सङ्ख्या | : | २,९१९ जना |
| बचत सङ्कलन | : | रु ८५,०८,०८,१२०.९४/- |
| ऋण लगानी | : | रु ८४,८५,४२,८९०.०८/- |
| कुल शेयर पूँजी | : | रु १०,५०,९७,५००.००/- |
| जगेडा कोष | : | रु ९,०८,९८,७५२.४३/- |
| कुल पूँजी | : | रु १,०८,१७,८९,३७५.०५/- |

१. बचत सङ्कलन र ऋण लगानीको अनुपात ९९.७३ प्रतिशत रहेको छ ।

२. कुल बचत सङ्कलनमा शेयर पूँजीको अनुपात १२.३५ प्रतिशत रहेको छ ।

३. कुल ऋण लगानीमा शेयर पूँजीको अनुपात १२.३८ प्रतिशत रहेको छ ।

४. कुल पूँजी र जगेडा कोषको अनुपात ८.४० प्रतिशत रहेको छ ।

५. प्रस्तावित आम्दानीको आधारमा वास्तविक आम्दानीमा ८४.७१ प्रतिशत उपलब्धी छ । प्रस्तावित खर्चको आधारमा वास्तविक खर्च ९३.८२ प्रतिशत रहेको छ ।

६. संस्थामा तरलता पर्याप्त मात्रामा (२१.१० प्रतिशत) रहेको देखिन्छ ।

७. बचत र ऋणको अन्तर ब्याजदर (स्प्रेडदर) ४.५५ प्रतिशत रहेको देखिन्छ, जुन नियमानुसार रहेको छ ।

८. संस्थाले सम्पत्ति शुद्धीकरण निर्देशिकालाई कार्यान्वयनमा ल्याएको छ ।

९. सहकारी विभागबाट समय-समयमा जारी गरिएका निर्देशन तथा मापदण्ड अनुसार संस्थाले आफ्ना गतिविधिहरु सञ्चालन गरेको देखिन्छ ।

१०. संस्थागत दायित्व अन्तर्गत यस आर्थिक वर्षमा भुक्तान गर्नुपर्ने कर नियमानुसार फछ्र्यौट गरिएको छ ।

११. संस्था विकास र सदस्यहरूको उन्नतिको निमित्त लगनशील यस संस्थाका सञ्चालकहरूलाई बैठक खर्च बापत रु १०००/- व्यवस्थापन उप समितिका सदस्यहरूलाई रु ५००/- उपलब्ध गराइएको छ । यसबाहेक अन्य कुनै तलब भत्ता तथा सुविधाको निर्णय गरेको देखिँदैन ।

## विविध

१. सुशासन सम्बन्धी नीति निर्माण गरी संस्थागत सुशासन पूर्ण रूपमा पालना भएको देखिन्छ ।

२. कार्यालयका स्थिर सम्पत्ति जस्तै भवन, भल्ट, फर्निचर लगायत सम्पूर्ण भौतिक सम्पत्ति र नगदमा पूर्ण सुरक्षा र सावधानी अपनाइएको छ ।

३. संस्थाका सबै कार्यालयमा सुझाव-पुस्तिका राखी सदस्यहरुको सुझाव तथा गुनासोलाई व्यवस्थापन गर्ने गरिएको पाइन्छ ।

४. सहकारी विभागबाट जारी दोहोरो सदस्यता सम्बन्धी अन्त्यको लागि व्यवस्थालाई कार्यान्वयन सूचना आह्वान गरी कार्य प्रक्रिया अगाडि बढाइएको छ ।

५. यस लेखा तथा सुपरिवेक्षण समितिले अघिल्लो साधारण सभामा प्रस्तुत गरिएका सुझावहरू कार्यान्वयन भएका र समय समयमा हामीले दिएका सुझावहरूको कार्यान्वयन हुँदै आएको हामीले अध्ययनको सिलसिलामा पायौँ ।

६. यस अवधिमा संस्थाको शेयर पूँजी र संस्थागत पूँजीमा भएको वृद्धि वित्तीय हिसाबले सकारात्मक रहेको छ । PROBATION (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम), ACCESS Branding मा सहभागीता र ब्राण्ड प्राप्त, नयाँ नीति नियमहरू निर्माण तथा मौजुदा नीति नियमलाई समयानुकूल परिमार्जन, नीतिअनुरूप कार्यविधि निर्माण, भौतिक पूर्वाधारमा सहज परिमार्जन, संस्थाको आफ्नै मोबाइल एप्स, एस.एम.एस. बैंकिङ्ग कार्यहरू सकारात्मक रहेका छन् ।

## अन्तमा सुधार गर्नुपर्ने पक्षहरु

१. हाल यस संस्था नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) द्धारा सञ्चालित PROBATION (पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम) र ACCESS Branding मा सहभागी भई Brand प्राप्त गर्न सफल भएको सन्दर्भमा ब्राण्डको स्तरोन्नतिको लागि संस्थाको संस्थागत पूँजी वृद्धिमा विशेष योजनाका साथ लाग्नुपर्ने देखिन्छ ।

२. संस्था सञ्चालनको लागि नीतिगत रूपमा सञ्चालक समितिको अति महत्वपूर्ण स्थान र भूमिका हुने भएकोले संस्थाको विकास र विस्तारक्रमसंगै समिति आफू अधावधिक हुँदै समयको अझ बढि संस्थाका क्रियाकलापमा योगदान गर्नुपर्ने देखिन्छ ।

३. संस्थामा रहेको कुल बचत तथा कुल ऋण लगानीको अनुपात विश्लेषण गर्दा ऋण लगानीका नयाँ क्षेत्र पहिचान गरी ऋण लगानीमा वृद्धि गर्नुपर्ने देखिन्छ ।

४. सदस्य संख्याको तुलनामा ऋणी सदस्य संख्या बृद्धि गर्न साना व्यवसाय, कृषि व्यवसाय, लघुउधम र मझौला व्यवसायमा लगानी बृद्धि गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ ।

५. विना धितो लगानी गरिएको ऋणको लागि संस्थाको सुरक्षण तथा सदस्य संरक्षणको लागि ऋण बिमा कार्यक्रम शुरू गर्नुपर्ने देखिन्छ ।

६. ऋण लगानी गर्दा सम्बन्धित व्यक्ति एवं व्यवसायको नगद प्रवाहको अध्ययन पश्चात मात्र निर्णय लिनु उपयुक्त देखिन्छ ।

७. लगानीको जोखिम कम गर्ने हिसाबले ऋण रकम प्रदान गरिसकेपछि ऋण सदुपयोगिता निरीक्षण गर्नुपर्ने आवश्यकता देखिएको छ ।

८. आर्थिक मन्दीको प्रभाव यस आर्थिक वर्षमा पनि निरन्तर रहिरहने भएकोले संस्थाले लगानी गरेको ऋण सुरक्षण तथा असुली कार्यलाई रणनैतिक कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

९. संस्थाका सदस्यहरूलाई सीप विकास एवं व्यावसायिक तालिमको माध्यमबाट पूर्ण रूपमा व्यावसायिक बनाउँदै लैजानुपर्ने वर्तमान सन्दर्भमा लघु उधम तथा सीपमूलक व्यावसायिक तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१०. संस्थाको मौजुदा विनियम एवं आवश्यकता अनुसार सञ्चालक समिति एवं सञ्चालक समितिद्धारा गठन गरिने

उप-समितिका सदस्यहरूको सीप र क्षमतामा वृद्धि गरी अझ सशक्त गराउनुपर्ने देखिन्छ ।

११. प्रविधियुक्त सेवामा सदस्यको सहज पहुँच वृद्धि गर्न वित्तीय साक्षरता, प्रविधि साक्षरता तथा तालिमलाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

१२. सदस्य शिक्षा कार्यक्रम र वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमलाई व्यापक गराउनुपर्ने देखिन्छ ।

१३. संस्थामा वित्तीय तुलनामा तरलताको अवस्थामा बढि उतार चढाव देखिएकोले पर्ल्स अनुसार व्यवस्थापनमा बढि जोड दिनुपर्ने देखिन्छ ।

१४. स्थानीय निकायहरूका कार्यक्रमहरूमा रणनीतिक साझेदारीको अवधारणालाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

१५. संस्थाले हालसम्म प्राप्त गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान, पुरस्कार तथा उपलब्धीलाई कायम राख्दै माथिल्लो तहको ब्राण्ड प्राप्त गर्न आवश्यक कार्य गर्नुपर्ने देखिन्छ ।

१६. संस्थाको आर्थिक कारोबार दिन प्रतिदिन बढ्दै गइरहेको अवस्थामा जोखिमका क्षेत्रहरु पनि बढ्दै जानु स्वाभाविक देखिन्छ । तसर्थ, जोखिमका क्षेत्रहरु पहिचान गरी यसलाई न्यूनीकरण गर्न आवश्यक कार्य गर्नुपर्ने देखिन्छ । विशेषगरी बिना धितो गरिने ऋण लगानीमा जोखिम कम गर्नको लागि आवश्यक कार्य गर्नुपर्ने देखिन्छ ।

१७. यस संस्थाको ख्यातीलाई कायम राख्न र संस्थाका सञ्चालकहरु, उप-समिति एवं व्यवस्थापन उप-समितिका पदाधिकारीहरु र कर्मचारीहरूको क्षमता विकास र उर्जा प्रदान गर्नका लागि हरेक वर्ष तालिम तथा अवलोकन भ्रमणको अवसर निरन्तर प्रदान गर्नुपर्ने देखिन्छ ।

यस समयावधिमा हामीले आन्तरिक लेखा परीक्षण एवं संस्थाको अन्य सम्बन्धित क्रियाकलापको बारेमा अध्ययन गर्दा संस्थामा संलग्न सञ्चालक समिति एवं कर्मचारीबाट कहीँ कतै संस्थाको हित प्रतिकूल हुने गतिविधिहरू नगरेको हाम्रो जानकारीमा रहेको कुरा सम्पूर्ण शेयर सदस्यज्यूहरूप्रति जानकारी गराउन चाहन्छौँ ।

अन्तमा, यस संस्थालाई यस सफल अवस्थासम्म ल्याउनमा मिहेनतका साथ काम गर्नुहुने सञ्चालक समितिका पदाधिकारीज्यूहरू, उप-समितिका पदाधिकारीज्यूहरू, कर्मचारी मित्रहरू, सल्लाहकारज्यूहरू, शुभचिन्तक एवम् सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ! नमस्कार !
जय सहकारी ! जय ग्रामीण वाल्मिकी !

संयोजक : **वोध प्रसाद पाण्डे**
सदस्य : **राज कुमार वि.क**
सदस्य : **भानुभक्त ढकाल**

# शिक्षा उप-समितिको प्रगति समीक्षा-२०७९/०८०

प्रस्तुतकर्ताः शिवदेव न्यौपाने, संयोजक



यस ३० औं साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू, प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नुभएका अतिथीज्यूहरू, सञ्चालक समिति एवं शेयर सदस्यज्यूहरू, पत्रकार एवं शुभचिन्तकज्यूहरू ।

सर्वप्रथम यस संस्थाबाट हामीलाई शिक्षा उपसमिति जस्तो जिम्मेवारी पद दिएर त्यस सम्बन्धी जिम्मेवारीपूर्ण काम गर्ने अवसर दिनुभएकोमा सञ्चालक समिति तथा शेयर सदस्यप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौं ।

आजको यस गरिमामय ३० औं साधारण सभामा यहाँहरू समक्ष यस संस्थाको शिक्षा उपसमितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामी अत्यन्तै हर्षित भएका छौं ।

- स्थानीय स्तरमा छरिएर रहेको सानो-सानो पूँजीलाई बचतको माध्यमबाट एकिकृत गरी त्यसैको परिचालनबाट संस्थामा संलग्न सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर माथि उकास्दै आत्मनिर्भरता बढाउने अभिप्रायले वि.सं. २०५१ साल फाल्गुण १ गते यस संस्थाको स्थापना एवं शुभारम्भ गरिएको हो ।
- मिति २०८० जेष्ठ १० गते बाट साविकको ग्रामिण साकोस र वाल्मिकी साकोस एकीकरण भई ग्रामिण वाल्मिकी साकोसको नामबाट एकीकृत कारोबार शुरू भएको हो ।
- पछिल्लो समयमा देशभित्र सहकारीको विकास, प्रवर्धनका लागि भएका अभ्यास र नयाँ प्रयोगहरूलाई विभिन्न माध्यमबाट संस्थामा कार्यान्वयन गर्न र गराउन हामी निरन्तर लागिरहेका छौं ।
- संस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि आवश्यक नीति नियम एवं कार्यविधीहरूको निर्माण तथा भएकालाई समय सापेक्ष परिमार्जन गर्दै लगिएको छ ।
- संस्थाको वार्षिक कार्यक्रम अनुसार सदस्यहरूलाई संस्थाको बारेमा नियमित जानकारी गराउनुका साथै सहकारी शिक्षा प्रदान गर्ने कार्य अन्तर्गत यस वर्ष ४९४ जना शेयर सदस्यज्यूहरूलाई सहकारी शिक्षा एवं वित्तीय साक्षरता तालिम प्रदान गरियो ।
- सदस्य संख्याको वृद्धिसंगै सूचनामूलक कार्यक्रमहरू पनि विस्तार गर्दै लैजानुपर्ने महसुस गरी चालु आर्थिक वर्षमा अझ धेरै प्रकृतिका कार्यक्रमहरूको योजना उप-समितिले बनाउने छ । सहकारी सिद्धान्तअनुसार वर्षभरि नै सदस्यता खुल्ला राख्दै सदस्यता वृद्धि र शिक्षा शिविरहरूको चाँजोपाँजो मिलाउँदै अगाडि वढ्ने दृढता व्यक्त गर्न चाहन्छौँ ।
- संस्थाका सदस्यहरूका सुझाव सल्लाह तथा जिज्ञासा एवं गुनासाहरूलाई व्यवस्थित गरी सम्बोधन गर्ने परिपाटीको विकास गरिएको छ ।
- समुदायका हरेक व्यक्तिलाई सहकारीमा आबद्ध गराउँदै सहकारीको मर्म र भावना अनुसार समाजिक विकासमा अगाडि बढ्नका लागि सदस्यको दायराभित्र पर्न नसक्नुभएका समुदायका, क्षेत्रका व्यक्तिहरूलाई पनि यस संस्थामा आवद्ध हुनका लागि वित्तीय साक्षरता कार्यक्रम अगाडि बढाईनेछ ।

- सदस्य सर्वेक्षणबाट आएका सकारात्मक सुझावका आधारमा शिक्षा शिविर तथा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- नियमित बचत जम्मा, नियमित ऋण असुली, शेयर पूँजी वृद्धि, सदस्यता वृद्धि जस्ता आधारभूत सहकारी सञ्चालनका शर्तहरूलाई कसरी नियमित गराउन सकिन्छ भन्ने चिन्तन गर्दै यसबाट हुने फाइदाका बारेमा केन्द्रित रही कार्यक्रमहरू सञ्चालन गर्ने क्रममा विगतमा जस्तै आगामी दिनहरूमा पनि तपाई सम्पूर्ण सदस्यहरूको महत्वपूर्ण एवं सुझबुझपूर्ण सहयोगको निरन्तर आशा गरिरहन्छौं ।

अन्तमा, विगतमा सहकरीसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्नका लागि यस अवधिमा शिक्षा उपसमितिलाई सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, अन्य समिति तथा उप समितिका पदाधिकारीज्यूहरू, विभिन्न संघ संस्था एवं विधालयहरू, कर्मचारी एवं सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

संयोजक : **शिवदेव न्यौपाने**
सदस्य : **दिपक लम्साल**
सदस्य : **सरस्वती आचार्य**

## सदस्यता प्राप्त गर्ने प्रक्रिया

- संस्थाको कार्यक्षेत्र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला भित्र बसोबास गरेको हुनुपर्ने ।
- नेपाली नागरिकता प्राप्त गरेको हुनुपर्ने ।
- सदस्यताका लागि शेयर कम्तिमा १ थान लिनुपर्ने, मासिक बचत कम्तिमा रू २०० जम्मा गर्नुपर्ने र प्रवेश शुल्क रू १०० गरी जम्मा रू. ४०० लाग्नेछ ।
- सदस्य बन्न आउदा साथमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति ३ प्रति पासपोर्ट साइजको फोटो र २ प्रति हकवालाको पासपोर्ट साइजको फोटो र १ प्रति नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी लिएर आउनुपर्नेछ साथै संस्थाको कार्यक्षेत्र भित्र बसेको प्रमाण समेत पेश गर्नुपर्नेछ ।
- संरक्षित सदस्य (बाल सदस्य) को हकमा अभिभावक सदस्य भएको हुनुपर्ने ।
- संरक्षित सदस्यका लागि प्रवेश निशुल्क र बचत कम्तिमा रू १०० गरी जम्मा रू. १०० लाग्नेछ ।
- संरक्षित सदस्य बन्न आउदा साथमा जन्मदर्ता को प्रमाण पत्रको प्रतिलीपी १ प्रति २ प्रति पासपोर्ट साइजको फोटो र संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलीपी र पासपोर्ट साइजको फोटो १/१ प्रति लिएर आउनुपर्नेछ ।

# ऋण उप-समितिको प्रगति समीक्षा-२०७९/०८०

प्रस्तुतकर्ताः कृष्ण प्रसाद गौतम, संयोजक



यस ३० औं साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू, प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नुभएका अतिथीज्यूहरू, सञ्चालक समिति एवं शेयर सदस्यज्यूहरू, पत्रकार एवं शुभचिन्तकज्यूहरू ।

सर्वप्रथम यस संस्थाबाट हामीलाई ऋण उपसमिति जस्तो जिम्मेवारी पद दिएर त्यस सम्बन्धी जिम्मेवारीपूर्ण काम गर्ने अवसर दिनुभएकोमा सञ्चालक समिति तथा शेयर सदस्यप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौं ।

आजको यस गरिमामय ३० औं साधारण सभामा यहाँहरू समक्ष यस संस्थाको ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामी अत्यन्तै हर्षित भएका छौं ।

वि.सं. २०५१ साल फाल्गुण १ गतेका दिन ३० जनाबाट शुरू भएको संस्था हाल आएर १२ हजार भन्दा वढी शेयर सदस्य भएको संस्था हाम्रा लागि खुसीको कुरा हो । निरन्तर सदस्य सङ्ख्या र संस्थाको पूँजी वृद्धि हुनु र संस्थाले ख्याति कमाउनु राम्रो अवसर हो र त्यसलाई व्यवस्थित गर्दै जान पनि चुनौती थपिएको हुन्छ । कुनै पनि वित्तीय संस्थाको मेरूदण्ड भनेको पूँजीको संरचनालाई आधार मानेर ऋण लगानी र असुलीको उचित व्यवस्थापन गर्नु हो जसको आधारबाट संस्थाको उन्नति, प्रगति र सदस्यहरूको आर्थिक सामाजिक अवस्थाको स्तर वृद्धि हुने परिणाम आउंछ भन्ने हामीलाई लागेको छ । संस्थाले Client Protection Principle लाई अनुसरण गर्दै आफ्ना सदस्यहरूलाई सेवा दिंदै आएको छ ।

यस कारण हाल संस्थाले आफ्ना सेवाहरूबाट सदस्यहरूको सुरक्षाको लागि मौजुदा विनियम, ऋण व्यवस्थापन नीति, ऋण लगानी कार्यविधि, ऋण माग गर्ने सदस्यको (5C = Character, Capacity, Capital Structure, Collateral, Condition ) विश्लेषण, संस्थामा भएको तरलता र सदस्यहरूले माग गरेको रकम र स्थलगत निरीक्षणका आधारमा ऋण लगानी गर्दै आएका छौं ।

## ऋणको सीमा

संस्थामा भएको तरलता र वित्तीय बजारको विश्लेषण गरी हेर्दा ऋणको सीमालाई ५० लाख बनाइएको छ, ऋण लगानी प्रक्रियालाई सरल, सहज र छिटो र प्रभावकारी बनाउन रू. १० लाखसम्म व्यवस्थापनबाट, रू. ३० लाखसम्म व्यवस्थापनको सीफारिसमा ऋण उपसमितिबाट र रू. ५० लाखसम्म ऋण उप समितिको सीफारिसमा सञ्चालक समितिबाट ऋण स्वीकृत गर्ने प्रावधान रहेको छ ।

## ऋण लगानी तथा अनुगमन

ऋण लगानीलाई प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसार बैठक बस्ने गरिएको छ । रू. २ लाख भन्दा माथिको ऋण लगानीमा धितो बन्धक पास गर्ने गरिएको छ । रू. १० लाख भन्दा माथिको ऋणको हकमा संस्थागत मूल्यांकनकर्ताको नियुक्ति गरी धितो मूल्यांकन गर्ने गरिएको छ ।

ऋण असुलीका लागि फोन, पत्राचार, व्यक्तिगत भेटघाट गरी त्यसको ऋण अनुगमन अभिलेख तयार गरिएको छ । ऋणको किस्ताको बारेमा त्यसको असुलीका लागि सफ्टवेयर मार्फत किस्ताको एस.एम.एस गरी जानकारी दिने व्यवस्था गरिएको छ ।

## कार्य सम्पादन

यस आ.व. मा ऋण उप-समितिको बैठक ३१ पटक बसेको छ र लगानी गरिएको कुल ऋणी सङ्ख्या २९१९ जना रहेका छन् । गत आ.व. को अन्त्यमा कुल ऋण लगानी रू. ६२,९३,०७,१३९.२७ रहेकोमा यस आ.व. मा कुल ऋण लगानी रू. ८३,१३,९७,८८५.०० र यस आ.व. मा कुल ऋण असुली रू. ६१,२१,६२,१३४.१९ भएको र हाल लगानीमा रू. ८४,८५,४२,८९०.०८ रहेको छ जसमध्ये औसत प्रतिव्यक्ति ऋण रू. २,९०,६९६.४३ हुन आउँछ । लगानीको विवरण यस प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | चालू आ.व. (रकम रु.) | लगानी क्षेत्र प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार व्यवसाय ऋण | ३०४,६१२,७७५.०६ | ३५.९० |
| २ | हायर पर्चेज ऋण | १८,१८३,८६६.०० | २.१४ |
| ३ | आवास निर्माण तथा घर जग्गा खरिद ऋण | २५३,९१८,१९३.९१ | २९.९२ |
| ४ | कृषि ऋण | १९,१५५,७९४.१४ | २.२६ |
| ५ | वैदेशिक रोजगार ऋण | ३७,८२,९४४.०० | ०.४५ |
| ६ | लघुवित्त ऋण | ८,२६,८६,१३२.४४ | ९.७४ |
| ७ | शैक्षिक ऋण | ६३,२७,१७०.०० | ०.७५ |
| ८ | बचत जमानी ऋण | ११,९१,७४,२९७.७७ | १४.०४ |
| ९ | औधोगिक ऋण | १३,५५०,०४७.०० | १.६० |
| १० | आकस्मिक ऋण | १३०,०००.०० | ०.०२ |
| ११ | व्यवसाय प्रवर्द्धन ऋण | १६,९१९,७७८.०० | १.९९ |
| १२ | कर्मचारी सुविधा ऋण | १०,१०१,८९१.७६ | १.१९ |
| | जम्मा | ८४८,५४२,८९०.०८ | १००% |

अन्त्यमा, यस संस्थालाई सहयोग पुऱ्याउनुहुने, सहकारी विभाग, मालपोत कार्यालय परासी, नापी शाखा परासी, नवलपरासी बचत तथा ऋण संघ लि., नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ, जिल्ला सहकारी संघ लि. नवलपरासी, राष्ट्रिय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि., सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षक समिति, अन्य उपसमितिहरू, सम्पूर्ण शेयर सदस्य एवं शुभचिन्तकहरू र कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छु । जय सहकारी ।

संयोजक : **कृष्ण प्रसाद गौतम**
सदस्य : **प्रेम कुमार श्रेष्ठ**
सदस्य : **गोविन्द लामिछाने**

# महिला उप-समितिको प्रतिवेदन प्रगति समिक्षा २०७९/०८०

प्रस्तुतकर्ताः बसन्ती कुमारी थापा, संयोजक



यस ३० औँ साधारण सभाका अध्यक्ष महोदय, प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यू, प्रेरणादायी व्यक्तित्वज्यूहरू, विभिन्न संघ संस्थाबाट प्रतिनिधित्व गरेर पाल्नुभएका अतिथीज्युहरू, सञ्चालक समिति एवं शेयर सदस्यज्यूहरू, पत्रकार एवं शुभचिन्तकज्यूहरू ।

सर्वप्रथम यस संस्थाबाट हामीलाई महिला उपसमिति जस्तो जिम्मेवारी पद दिएर त्यस सम्बन्धी जिम्मेवारीपूर्ण काम गर्ने अवसर दिनुभएकोमा सञ्चालक समिति तथा शेयर सदस्यप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छौँ ।

आज यस गरिमामय ३० औँ साधारण सभामा यहाँहरू समक्ष यस संस्थाको महिला उपसमितिको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामी अत्यन्तै हर्षित छौँ ।

- संस्थाका महिला शेयर सदस्यहरूलाई सशक्तिकरण गरि अगाडि बढाउन ग्रामीण सचेत महिला समूह गठन गरिएको छ ।
- हामीले वर्दघाट नगरपालिकाको प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरि ११८ जनाको महिला सचेत समूह गठन गरियो ।
- महिला उप समिति, सचेत महिला समूहले आयोजना गर्ने सामाजिक क्रियाकलापहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आईरहेको छ ।
- संस्थाका सूचनाहरू सदस्यमाभ्र पुऱ्याउन हाम्रो सचेत महिला समूहले प्रभावकारी भूमिका निर्वाह गर्दै आईरहेको छ ।
- यस वर्ष हामीले १०० जना महिला शेयर सदस्यहरूलाई चुरा बनाउने तालिम प्रदान गऱ्यौं ।
- यस आ.व. मा हामीले ९० जना सुत्केरी सदस्यज्यूहरूको मा पुगी भेटघाट कार्यक्रम सम्पन्न गरियो ।
- सुत्केरी भेटघाटमा जाँदा संस्थाको तर्फबाट हर्लिक्स, बच्चालाई एक जोर भोटो र खुत्रुके बाकस प्रदान गर्दै आईरहेका छौँ ।
- आगामी वर्ष हामीले कार्यक्षेत्र नवलपरासी बर्दघाट सुस्ता पश्चिम जिल्लामा सचेत महिला गठन गर्ने छौं ।
- हामी आगामी दिनहरूमा हाम्रो कामहरूलाई अभ्र व्यापक बनाई अघि बढ्ने छौँ ।

अन्तमा, संस्थासंग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्नका लागि यस अवधिमा महिला उप-समितिलाई सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्यज्यूहरू, सञ्चालक समितिका पदाधिकारीज्यूहरू, अन्य उप-समितिका पदाधिकारीज्यूहरू, विभिन्न संघ संस्था, कर्मचारी एवं सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ ।

संयोजक : **बसन्ती कुमारी थापा**
सदस्य : **सावित्रा देवकोटा**
सदस्य : **शान्ति देवी हमाल ठकुरी**

**Ramhari & Associates**
Chartered Accountants
Regd.No. 458, 069/12/20
PAN-305649593

9857010697
Siddharthanagar-8,
Rupandehi, Nepal,
email: - rammhari@gmail.com

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

## बर्दघाट ७, नवलपरासी

## सदस्यमहानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट ७, नवलपरासी (बसुप) को यसै साथ संलग्न २०८० आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७९/०८० को आय विवरण र नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व रहेको छ ।

लेखापरीक्षणको सर्वमान्य सिद्धान्तको आधारमा हामीले नेपाल लेखापरीक्षणमान र प्रचलित अन्य लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परिक्षण योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो रायमा

१. माग गर्दा संस्थाले उपलव्ध गराएको हर हिसावको विवरण तथा जवाफ सन्तोषजनक रहेको छ ।
२. संलग्न वासलात, आय विवरण र नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण गत बिगतको ढाँचा र तरिका अनुसार तयार गरिएको र उक्त विवरणहरु संस्थाले राखेको हिसाव किताव, वही खाता श्रेस्ता र लेखासंग दुरुस्त रहेको छ ।
३. हाम्रो रायमा संस्थाले प्रचलित कानुन बमोजिम हिसाब किताब, खाता वही, श्रेस्ता र लेखा ठीकसंग राखेको छ तथा प्राप्त विवरणहरु लेखापरीक्षणको निमित्त पर्याप्त छन् ।
४. हामीलाई प्राप्त सुचना तथा उपलव्ध गराइएको जानकारीहरुको आधारमा एवं यसै साथ संलग्न लेखा सिद्धान्त तथा लेखा टिप्पणीहरु साथ अध्ययन गर्दा र यसै प्रतिवेदनको बुदा ५ अर्न्तगत रही :
   क) वासलातले २०८०/०३/३१ को आर्थिक स्थिति,
   ख) आय विवरणले २०८०/०३/३१ मा समाप्त आर्थिक वर्षको कारोवारको नतिजाको र
   ग) नगद प्रवाह हिसावले २०८०/०३/३१ मा समाप्त आर्थिक वर्षको नगद प्रवाहको समग्रमा यथार्थ तथा उचित चित्रण गर्दछ ।
५. हाम्रो रायमा, हामीले परीक्षण गरेको हिसाब किताब तथा प्राप्त जानकारीहरुको आधारमा
   ५.१ संस्थाले प्रवाह गरेको कर्जामा सहकारी विभागद्वारा जारी गरीएको सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड अनुसार कर्जा रकमलाई असल, संकास्पद तथा खराब कर्जामा बर्गीकरण गरी क्रमश: १ प्रतिशत (भाखा ननाघेको), ३५ प्रतिशत

Ramhari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

**Ramhari & Associates**
Chartered Accountants
Regd.No. 458, 069/12/20
PAN-305649593

9857010697
Siddharthanagar-8,
Rupandehi, Nepal,
email: - rammhari@gmail.com

बर्षसम्म भाखा नाघेको), १०० प्रतिशत (१ बर्ष भन्दा बढीले भाखा नाघेको) ले कर्जा जोखिम कोषको ब्यवस्था गर्नुपर्ने हुन्छ । जसअनुसार कर्जामा निम्नअनुसार रकम ब्यवस्था गरेको देखिन्छ ।

| विवरण | कर्जा रकम(रु.) | प्रतिशत | ब्यवस्था (रु.) |
|---|---|---|---|
| असल ऋण | ८२,५६,१२,२९०।४० | १।०१६ | ८३,८८,१४२।५१ |
| एक वर्ष भन्दा कम भाखा नाघेको ऋण | २,०३,१०,७०८।६८ | ३५ | ७१,०८,७४८।०४ |
| एक वर्ष भन्दा बढी भाखा नाघेको ऋण | २६,१९,८९१।०० | १०० | २६,१९,८९१।०० |
| | जम्मा | | १,८१,१६,७८१।५५ |

संस्थाले जोखिम कर्जा कोष बापत रु. १,८१,१६,७८१।५५ ब्यवस्था गरेको छ र यस आ. व.मा संस्थाले रु.६३,५४,६००।७७ सम्भावित नोक्सानी व्यवस्था अन्तर्गत खर्च लेखेको छ । संस्थाले ऋण जोखिम कोषको व्यवस्थाको लागि ऋण अनुसारको वर्गिकरण गरिएको देखिन्छ ।

५.२ संस्थाले गत वर्षको अन्तमा रहेको सहकारी बिकाश कोष, सहकारी शिक्षा कोष, घाटा पूर्ती कोष सामुदायिक विकास कोष र जोखिम व्यवस्थापन कोषमा खर्च भई वांकी रहेको मध्ये बाट रु.३५,७३,७३२।४६ यस आ.ब.मा साधरण जगेडा कोषमा कायम गरेको छ । सो को विवरण जगेडा तथा अन्य कोषहरुको विवरणमा छ ।

५.३ संस्थाले स्थिरीकरण कोषको रकम नेपाल बचत तथा ऋण सहकारी संघ लि. (नेफ्स्कून) को स्थिरीकरण खातामा जम्मा गरेको पाईयो ।

५.४ लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट गरेको पाईयो ।

५.५ ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट ७ र वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. प्रतापपुर २ बिच मिति २०८०/०२/१० मा संस्था एकीकरणको स्वीकृति भएको पाईयो । एकीकरण भई बनेको ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट ७ को दर्ता नं. र पान नं. साबिकको ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. को कायम भएको पाईयो ।

५.६ संस्था ग्रामीण बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट ७ र वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. प्रतापपुर २ बिच एकीकरण भई २०८०/०२/१० बाट एकीकृत कारोबार शुरु गरेको छ । वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. को कोषको रकम रु.२,२२,१६,९५०।४१ सम्वन्धित कोषहरुमा समायोजन गरेको र शेयर पूंजी रु.२,१०,९९,५००/- संस्थाको शेयर पूंजीमा समायोजन गरेको छ ।

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

मिति २०८०/०४/१२
स्थान: बर्दघाट
UDIN Number: 230729CA00648NEtmA

रामहरि रौनियार, सि.ए.
नि. रामहरि एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

बर्दघाट ७, नवलपरासी

२०८० साल आषाढ मसान्तको

## संस्था सम्वन्धी थप विवरण

| क.स. | विवरण | अवस्था |
|---|---|---|
| १ | संस्थाको नाम | ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. |
| २ | संस्थाको ठेगाना | बर्दघाट ७, नवलपरासी |
| ३ | आर्थिक वर्ष | २०७९/०८० |
| ४ | सदस्य संख्या | १२०२३ |
| | महिला | ६८३३ |
| | पुरुष | ५१८० |
| | संस्थागत | १० |
| ५ | संरक्षित सदस्य (बाल सदस्य) | २०५९ |
| ६ | शेयर पूंजी | १०५०९७५०० |
| ७ | लगानीमा रहेको ऋण | ८४८५४२८९०।०८ |
| ८ | निक्षेप (बचत) | ८५०८०८१२०।९४ |
| ९ | ऋण/निक्षेप अनुपात | ९९।७३४ |
| १० | असुली गर्न बाकी ब्याज | ४६६०१६५।७५ |
| ११ | लगानी | १०१२३६८६।६६ |
| १२ | उत्पादित बस्तु वा सेवाको विवरण | बित्तिय कारोवार |
| १३ | कार्यक्षेत्र | नवलपरासी (वसुप) जिल्ला |
| १४ | बचतमा दिइने ब्याजदर | ७ देखि १३ प्रतिशत |
| १५ | ऋण लगानी गर्दा लिइने ब्याजदर | १३ देखि १६ प्रतिशत |
| १६ | तरलता प्रतिशत | २१।११ |
| १७ | आम्दानी (०७९/०८०) | १३९९३७५८।३७ |

| | | | | |
|---|---|---|---|---|
| अनन्त पाण्डे<br>व्यवस्थापक | वोध प्रसाद पाण्डे<br>लेखा संयोजक | मुरली कृष्ण खनाल<br>कोषाध्यक्ष | देवी प्रसाद अधिकारी<br>अध्यक्ष | रामहरि रौनियार, सि.ए.<br>नि.रामहरि एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

Ram Hari & Associates
Chartered Accountants
Siddharthanagar-8, Rupandehi

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

## बर्दघाट ७, नवलपरासी

### २०८० साल आषाढ मसान्तको

### वासलात

| पूंजी तथा दायित्व | अनुसूची | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| १. शेयर पूंजी | १ | १०५,०९७,५००.०० | ८०,९२०,८००.०० |
| २. जगेडा तथा अन्य कोषहरु | २ | १२१,३४९,५५१.७९ | ९०,९१४,२७९.७१ |
| ३. ऋणपत्र तथा बण्ड | | - | - |
| ४. तिर्न बाकी ऋण सापट | ३ | - | २६,१७८,१३२.३७ |
| ५. बचत निक्षेप | ४ | ८५०,८०८,१२०.९४ | ६०५,७५०,२७४.७८ |
| ६. भूक्तानी दिनूपर्ने विलहरु | | - | - |
| ७. ऋण सापट व्यवस्था | | - | - |
| ८. आयकर दायित्व | | ६७९,८१७.१५ | ९१३,७१४.४४ |
| ९. अन्य दायित्व | ५ | ३,८५४,३८५.१७ | ५,२७४,०९८.३१ |
| कुल पूंजी तथा दायित्व | | १,०८१,७८९,३७५.०५ | ८०९,९५१,२९९.६१ |

| सम्पत्ति | अनुसूची | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| १. नगद मौज्दात | | ३१,३५२.०० | ७०,६३२.०० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | - |
| ३. बैक र वित्तीय संस्थामा रहेको मौज्दात | ६ | १७९,५४३,९१८.०१ | ११५,६३७,५५०.१९ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हूने रकम | | - | - |
| ५. लगानी | ७ | १०,१२३,६८६.६६ | २९,२८७,१३१.७० |
| ६. सदस्यहरुलाई ऋण लगानी | ८ | ८४८,५४२,८९०.०८ | ६२९,३०७,१३९.२७ |
| ७. स्थिर सम्पत्ति | ९ | ३५,९३२,७०८.३२ | २८,२६१,९४६.८० |
| ८. गैर बैकिङ्ग सम्पत्ति | | - | - |
| ९. अन्य सम्पत्ति | १० | ७,६१४,८१९.९८ | ७,३८६,८९९.६५ |
| कुल सम्पत्ति | | १,०८१,७८९,३७५.०५ | ८०९,९५१,२९९.६१ |

प्रमूख लेखा नीति तथा टिप्पणीहरु अनुसूची १६

१ देखि १० सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हून् ।

हाम्रो संलग्न प्रतिवेदन अनुसार

Ramhari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

| अनन्त पाण्डे | वोध प्रसाद पाण्डे | मुरली कृष्ण खनाल | देवी प्रसाद अधिकारी | रामहरि रौनियार, सि.ए. |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | नि.रामहरि एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

## बर्दघाट ७, नवलपरासी

### मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको

### नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| १. व्याज आम्दानी | ११ | १०९,६८२,११४.२० | ८२,०५१,८४४.७४ |
| २. व्याज खर्च | १२ | ६९,३९२,५०७.८७ | ४७,३८४,६०१.८४ |
| **खूद व्याज आम्दानी** | | **४०,२८९,६०६.३३** | **३४,६६७,२४२.९०** |
| ३. कमिशन तथा डिस्काउण्ट | | - | - |
| ४. अन्य संचालन आम्दानी | १३ | ५,६१७,८७४.४५ | ६,०५६,४०५.२० |
| ५. सटही घटबढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **४५,९०७,४८०.७८** | **४०,७२३,६४८.१०** |
| ६. कर्मचारी/व्यवस्थापन खर्च | १४ | ११,९१६,३७९.०० | ८,४३२,९८६.१० |
| ७. अन्य सञ्चालन खर्च | १५ | ११,४९५,५६७.९४ | १०,१६४,७२३.१८ |
| ८. सटही घटबढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **२२,४९५,५३३.८४** | **२२,१२५,९३८.८२** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाहरु | | ६,३५४,६००.७७ | १,४६१,७९३.०० |
| **सञ्चालन मुनाफा** | | **१६,१४०,९३३.०७** | **२०,६६४,१४५.८२** |
| १०. गैर संचालन आम्दानी/खर्च | | - | - |
| ११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **१६,१४०,९३३.०७** | **२०,६६४,१४५.८२** |
| १२. असामान्य कारोवारवाट भएको आम्दानी/खर्च | | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **१६,१४०,९३३.०७** | **२०,६६४,१४५.८२** |
| १३. कर्मचारी बोनस व्यवस्था | | १,४६७,३५७.५५ | १,८७८,५५८.७१ |
| **कर अघिको नफा** | | **१४,६७३,५७५.५२** | **१८,७८५,५८७.११** |
| १४. आयकर व्यवस्था | | ६७९,८१७.१५ | ९१३,७१४.४४ |
| **खुद नाफा/नोक्सान** | | **१३,९९३,७५८.३७** | **१७,८७१,८७२.६७** |

११ देखि १५ सम्मका अनुसूचीहरु नाफा नोक्सान हिसावका अभिन्न अंग हून् ।

हाम्रो संलग्न प्रतिवेदन अनुसार

| अनन्त पाण्डे | वोध प्रसाद पाण्डे | मुरली कृष्ण खनाल | देवी प्रसाद अधिकारी | रामहरि रौनियार, सि.ए. |
|---|---|---|---|---|
| व्यवस्थापक | लेखा संयोजक | कोषाध्यक्ष | अध्यक्ष | नि.रामहरि एण्ड एशोसिएट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

Ram Hari & Associates Chartered Accountants Siddharthanagar-8, Rupandehi

# ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.

## बर्दघाट ७, नवलपरासी

### नगद प्रवाह विवरण

मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको

| क.सं. | विवरण | चालु आ.व. रु. | गत आ.व. रु. |
|---|---|---|---|
| (क) | **कारोवार सन्चालनबाट नगद प्रवाह** | **३९,७५०,८५८.३३** | **(२०,७२८,६७९.३७)** |
| १. | **नगद प्राप्ति** | **११५,२९९,९८८.६५** | **८८,१०८,२४९.९४** |
| १.१ | ब्याज आम्दानी | १०९,६८२,११४.२० | ८२,०५१,८४४.७४ |
| १.२ | कमिशन तथा डिष्काउन्ट आम्दानी | – | – |
| १.३ | विदेशी विनिमय कारोबारबाट आम्दानी | – | – |
| १.४ | अपलेखित कर्जाको असुली | – | – |
| १.५ | अन्य आम्दानी | ५,६१७,८७४.४५ | ६,०५६,४०५.२० |
| २. | **नगद भुक्तानी** | **(९१,२४१,५४७.३२)** | **(६४,४६४,५९३.१३)** |
| २.१ | व्याज खर्च | (६९,३९२,५०७.८७) | (४७,३८४,६०१.८४) |
| २.२ | कर्मचारी खर्च | (११,९१६,३७९.००) | (८,४३२,९८६.१०) |
| २.३ | कार्यालय संचालन खर्च | (९,०१८,९४६.०१) | (७,८७९,६५७.२०) |
| २.४ | आयकर भुक्तानी | (९१३,७१४.४४) | (७६७,३४७.९९) |
| २.५ | अन्य खर्च | – | – |
| | **कार्यगत पूंजी गतिविधि अधिको नगद प्रवाह** | **२४,०५८,४४१.३३** | **२३,६४३,६५६.८१** |
| | **सन्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | **(२००,३००,२२६.१०)** | **(१२३,०००,८२८.८०)** |
| १. | माग तथा अल्प सूचनामा प्राप्त हूने रकममा कमी/(वृद्धि) | – | – |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | १९,१६३,४४५.०४ | २९,८९५,०२८.१२ |
| ३. | ऋण तथा विल्स खरिदमा कमी/(वृद्धि) | (२१९,२३५,७५०.८१) | (१५३,१८६,०९२.९३) |
| ४. | अन्य सम्पतिमा कमी/(वृद्धि) | (२२७,९२०.३३) | २९०,२३६.०१ |
| | **सन्चालन सम्वन्धि चालू दायित्वमा (कमी)/वृद्धि** | **२१५,९९२,६४३.१०** | **७८,६२८,४९२.६२** |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | २४५,०५७,८४६.१६ | ५५,०१३,१७७.८६ |
| २. | सर्टिफिकेट अफ डिपोजिटमा (कमी)/वृद्धि | – | – |
| ३. | अल्पकालीन सापटीमा (कमी)/वृद्धि | (२६,१७८,१३२.३७) | २६,१७८,१३२.३७ |
| ४. | अन्य दायित्वमा (कमी)/वृद्धि | (२,८८७,०७०.६९) | (२,५६२,८१७.६१) |
| | | ३९,७५०,८५८.३३ | (२०,७२८,६७९.३७) |
| (ख) | **लगानी कारोवारमा नगद प्रवाह** | **(१०,१४७,३८३.४५)** | **(२,९६७,४१७.००)** |
| १. | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | – | – |
| २. | स्थीर सम्पत्तिमा कमि/(वृद्धि) | (१०,१४७,३८३.४५) | (२,९६७,४१७.००) |
| ३. | दीर्घकालीन लगानीमा व्याज आम्दानी | – | – |
| ४. | लाभांश आम्दानी | – | – |
| ५. | अन्य | – | |
